# श्री लंका भ्रमणको
# डायरी




लेखिका:

**सन्त लक्ष्मी शाक्य**

Downloaded from http://dhamma.digital/

# श्री लंका भ्रमणको डायरी


लेखिका:

**सन्त लक्ष्मी शाक्य**

लहरे पीपल, पाल्पा तान्सेन,

लुम्बिनी अञ्चल, नेपाल ।



प्रकाशिका :

**पूर्णमाया महर्जन**

भिम्सेन टोल, पाल्पा तान्सेन,

लुम्बिनी अञ्चल, नेपाल ।

ने. रू. ३।–



Downloaded from http://dhamma.digital/

बु. स. : २५२७
बि. सं. : २०४०
ई. सं. : १९८३

प्रथम संस्करण १०००

मुद्रक:
शाक्य प्रेस,
ओम् वहाल,
काठमाडौं, नेपाल ।
फोन मं. : १३६०४

Dhamma.Digital

Downloaded from http://dhamma.digital/



प्रकाशिका:

**पूर्णमाया महर्जन**

Downloaded from http://dhamma.digital/

# मन्तव्य

मित्र राष्ट्र श्री लंकाको सम्बन्धमा केही न केही कुरा हामीले जानिराख्नु अत्यन्त आवश्यक छ । बु. सं. २५२७ वर्ष अघिदेखि नै हाम्रो धर्म र संस्कृतिको नाताले श्री लंका-सँग हाम्रो घनिष्ट सम्बन्ध रहेको छ । भगवान् बुद्ध तीन पटकसम्म श्री लंका जानुभएको कुरा उनीहरूको इतिहासमा समुल्लेख भएको पाइन्छ । यति मात्र होइन श्री लंकामा बुद्धधर्मले प्रवेशगरेदेखि शिष्यानुशिष्य परम्पराबाट आइरहेको बुद्धको उपदेश कण्ठस्थ गर्दै आएको र चतुर्थसंगायना गरी त्रिपिटक मूल पालि ताडपत्रमा लेखेको श्री लंकाको आलोक विहारमा हो भन्ने कुरा पनि बौद्ध इतिहासमा उल्लेख भएको छ । भगवान् बुद्धका दन्तधातु सहित अरू प्रमुख धातुहरू पनि श्री लंकामै छन् । अशोक राजाका छोरा महेन्द्र महा-स्थबिरले पनि श्री लंकामै बुद्धधर्म प्रचार गर्नुभएको थियो । त्यसबेलादेखि आजसम्म अखण्ड रूपले बुद्धधर्मको केन्द्र पनि यहीं नै बनेको छ ।

पाल्पा तान्सेनवासी सुश्री सन्तलक्ष्मी शाक्यको "श्री लंका भ्रमणको-डायरी" शुरुदेखि अन्तसम्म हेर्ने मौका पाएँ ।

Downloaded from http://dhamma.digital/

यो हेर्दा मलाई लागेको केही कुरा यहाँ उल्लेख गर्न चाहन्छु। लेखिकाले आफू श्री लंकाको यात्रागर्दा आफूलाई अनुभव भएका कुराहरू र जुन जुन तीर्थस्थान र नगरहरू देखेका थिए त्यसको राम्रो वर्णन गरी राखेको कुरा प्रशंसनीय छ। यात्राको वर्णन मात्र होइन ऐतिहासिक घटनाका कुरा पनि समावेश गरी उल्लेख गरेको हुँदा यो पुस्तकबाट पाठकहरूलाई अवस्य पनि श्री लंका सम्बन्धी ज्ञान अवगत हुनेछ। यो एक स्यानो इतिहासको पुस्तक हो भन्दा अतिशयोक्ति हुने छैन भन्ने मेरो धारणा हो। लंका तीर्थयात्रामा जाने महानुभावहरूले यदि यो डायरी हेरेको खण्डमा उनीहरूलाई सजिलैसँग लंकायात्राको निमित्त मार्गदर्शन हुनेछ। लेखिकाले बडो सरल भाषामा र घतलाग्दा कुराहरू यसमा समावेश गर्नु भएकोछ। शुरुदेखि अन्तसम्म यो डायरी हेर्दा लंका सम्बन्धी केही न केही ज्ञान हासिलहुन्छ। यस्तो पुस्तक अहिलेसम्म नेपालीमा प्रकाश भएको छैन जस्तो लाग्दछ। यस्तो यात्रा सम्बन्धी पुस्तक लेख्नु भएकोमा लेखिका धन्यबादको पात्र हुनु भएको छ। प्रस्तुत पुस्तक प्रकाशन गर्नु भएकोमा प्रकाशिका श्रीमती पूर्णमाया महर्जन पनि धम्यबादका पात्र हुनुभएको छ र पुस्तक प्रकाशन गरी जनसमक्ष ल्याइदिनु भएकोमा वहाँलाई मेरो हार्दिक बधाइछ।

आनन्दकुटी विहार, —भिक्षु कुमार काश्यप
काठमाडौं, नेपाल। ७।४।०४०

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# केही पूर्व कुरा

विश्वका बौद्ध देशहरूमध्ये श्री लंकाको नाउँ सुनेको धेरै दिन भएता पनि त्यहाँ जाने सौभाग्य आजसम्म पाएकी थिइन ।

धेरै दिनदेखिको आपसी कुरा हो– हाम्रा साथी विश्वासिंनी तथा टोलकी छिमेकी पाल्पा ढाकाटोपी कारखानाकी संस्थापिका श्रीमती पूर्णमाया महर्जनसँग भेटहुँदा एकदिन वहाँले मलाई "ए नानी ! मलाई श्री लंका जान सारै इच्छा भएको छ । हामीहरू पनि श्री लंका जाउँ न !" भनी भन्नु भयो र जहिले भेट भए पनि वहाँ श्री लंका जाने मात्र कुरा गर्नु हुन्थ्यो । म चाहिं कुनै उत्तरदिन सक्दिन थिएँ । यस्तै गरी हामी दुइजनाका बीचको भेटघाटमा कुरा हुदा हुँदै महीनौं बित्यो ।

संयोग वश एकदिन काठमाडौंबाट श्रद्धेय अमृतानन्द महास्थविरज्यू तान्सेन आउनु भएको थियो । त्यस बखत श्रीमती पूर्णमायाज्यूले वहाँसँग आफू श्री लंका जाने इच्छा

Downloaded from http://dhamma.digital/

प्रकट गर्नु भयो । महास्थविरज्यूले यस विचारको सराहना मात्र गर्नु भएको होइन हामीलाई उत्साहित पनि पार्नु भयो र भन्नुभयो कि श्री लंका जानको निमित्त सक्दो मद्दत दिनु-हुने वचन पनि दिनुभयो । यस पछि महास्थविरज्यू काठमाडौं फर्कनुभयो । अनि श्रीमतीज्यूले मलाई श्री लंका जाने सम्बन्धी भिक्षुज्यूलाई एक पत्र लेख्ने आग्रह गर्नु भयो । त्यसपछि मैले वहाँलाई एक पत्र लेखें र वहाँको उत्तर पनि पाएँ ।

त्यस बखतसम्म हामीहरूको "बौद्ध महिला समिति" भन्ने नामले पाल्पा तान्सेन होलन्दी बुद्ध विहारको हेरचाह गर्नको निमित्त स्थापना भइसकेको थियो । त्यस समितिको अध्यक्षमा म चुनिएको थिएँ । त्यसैले श्री लंका जाने विषयमा एक बैठक बोलाई सबैलाई जानकारी दिन पाएमा सबै धार्मिक साथीहरूले पनि थाहापाउने थिए र जाने इच्छागर्ने सबै मिलेर जान पाए राम्रो हुनेछ भन्ने सद्भावराखी २०३९ भाद्र १९ गते समितिको एक बैठक बोलाइयो र श्री लंका जाने बारे बैठकमा छलफल भयो । अनि "म पनि जानेछु, म पनि जानेछु" भन्ने दुइचारजना साथीहरू निस्के । त्यसपछि जानको निमित्त के कति खर्च चाहिने हो र कसरी जाने भन्ने विषयमा पूर्ण जानकारी प्राप्तिको लागि श्रद्धेय अमृतानन्द महास्थविर-ज्यूसँग पत्र व्यवहार हुन थाल्यो । अनि वहाँबाट पूर्ण विवरणका साथ कमसे कम लाग्ने खर्चको खबर आएपछि सबैलाई सो कुराको जानकारी दिइयो । अनि आर्थिक कारणले गर्दा कति-पय साथीहरू नजाने अवस्थामा पुगे । यात्रा सम्बन्धी पूर्ण

Downloaded from http://dhamma.digital/

विबरण प्राप्त नभएसम्म साथीहरूले श्री लंका जानु भनेको पाल्पाबाट काठमाडौं वा भारत घुम्न जाने जस्तो ठानेका थिए । जब यात्रा सम्बन्धी विवरण प्राप्तभयो तब कसैले के कसैले के अटकलबाजी र टीका टिप्पणी गर्न थाले । अन्तमा भिम्सेन टोलकी श्रीमती पूर्णमाया महर्जन, भिम्सेन्टोल कै सुश्री चिनियादेवी बज्राचार्य र म जाने पक्का भयो ।

त्यस पछि यसको लागि नागरिक प्रमाण पत्र लिने काममा कदम चालिन थालियो । किन कि विदेश जानको निमित्त सर्व प्रथम पासपोर्ट लिन पर्ने हुन्छ । पासपोर्ट लिनको लागि नागरिक प्रमाण पत्र नितान्त आवश्यक छ । म अघि एक पटक नेपालबाट बाहिर बर्मा र थाइलैण्ड गइसकेको हुँदा विदेश यात्रा सम्बन्धी के के तयारी अघि गर्नुपर्छ भन्ने कुराको केही ज्ञान थियो । पाल्पा जस्तो एक स्यानो नगरमा बस्ने हाम्रा केही साथीहरूलाई विदेश जानको निमित्त अनेक प्रबन्ध मिलाउन पर्ने हुन्छ र धेरै समय लाग्दछ भन्दा कोही कोही नपत्याउने पनि थिए । जेहोस् केही महीना पछि हामीले विदेश जानको लागि सर्व प्रथम चाहिने पासपोर्ट प्राप्त गऱ्यौं । त्यसपछि हाम्रा सामु यो प्रश्न खडा भयो कि कोसँग श्री लंका जाने ? श्री लंका जानको लागि हामी लंका भाषा तथा अंग्रेजी भाषा पनि जान्दैनौं । अंग्रेजी भाषा विना काम न चल्ने कुरा हामीलाई थाहा थियो । त्यसैले पुन : श्रद्धेय अमृतानन्दज्यूलाई यस समस्या बारेमा पत्र पठाउंदा वहाँले हामीलाई धैर्यदिई

Downloaded from http://dhamma.digital/

"श्री लंका जाने कोही व्यक्ति पाउना साथ खबर पठाउने छु" भन्ने आश्वासन पाएपछि ढुक्क भएरबस्यौं ।

यसै बीच एकदिन श्री लंकामा धेरै वर्षसम्म बसेर आउनु भएका हाम्रै पाल्पाकै भिक्षु विमलानन्दज्यूसँग भेट हुँदा श्री लंका जाने बारे केही चर्चा हुँदा वहाँले "म एउटा बस लिएर ३०।४० जनाको डफ्फा लिई कम खर्चमा सजिलैसँग श्री लंका लैजान सक्छु" भनी भन्नुभयो । तर यस कुरामा हामीलाई त्यतिसारो विश्वास लागेन र व्यवहारिक पनि देखेनौं ।

स्यानो नगर त होनि ! त्यतिञ्जेल हामीलाई कसैले के कसैले के कुरा सुनाए । कसै कसैले त तिमीहरू के लंका जान सकौला र भन्ने जस्ता कुरा पनि सुनाएर हतोत्साहित् पनि पार्नथाले । हुँदा हुँदा केही महीनापछि काठमाडौंबाट स्वयम्भूस्थित आनन्दकुटी विहारवासी भिक्षु मैत्री उक्त विहारका श्रामणेरहरू पुऱ्याउन श्री लंका जाने भएको हुँदा त्यहाँबाट जानेहरू पनि भिक्षु मैत्रीसँग गए हुन्छ भन्ने खबर आयो । अनि हामी काठमाडौं जान तयार भयौं र सूचना बमोजि काठमाडौं पुग्यौं ।

काठमाडौं पुगेपछि आनन्दकुटी वासी मैत्रीज्यूसँग सम्पर्क राख्यौं । वहाँ कहिले भीसाको लागि, कहिले हेल्थ-सार्टिपिकेटको लागि, कहिले हवाइ टिकटको लागि भए कहिले विदेशो मुद्राको लागि दौडधुप गर्न थाल्नु भयो र अन्तमा

Downloaded from http://dhamma.digital/

२०३९ चैत्र १६ गते बुधबार बिहान १०।५५ बजे शाही नेपाल हवाइजहाजबाट श्री लंका जाने दिन पक्का भयो ।

# श्री लंकायात्रा शुरू

## २०३९ चैत्र १६ गते बुधबार

"श्री लंका जाने पार्टी तयार भयो । त्यहाँबाट जाने व्यक्तिहरू तुरन्त आउनू" भन्ने खबर पाउना साथ म चाहिं चैत्र ४ गते पाल्पाबाट काठमाडौं आई आनन्दकुटीमा बसेकी-थिएँ । हाम्री भाउजू श्रीमती पूर्णमाया र दिदी सुश्री चिनिया-देवी चाहिं चैत्र ६ गते काठमाडौं आई डिल्लीबजार मैतीदेवीमा बस्नुभयो ।

"भोलि बिहान त्रिभुवन हवाइ ग्राउण्डमा जानुपर्छ" भन्ने सूचना नेतृत्व गर्नुहुने श्रद्धेय मैत्री भिक्षुज्यूबाट पाएका थियौं । अब के थियो र लंका पलंका भन्ने देशमा पनि जान पाइने भयो भन्ने कुराले हाम्रो मनमा अपार गद् गद्को अनुभूति भइरहेको थियो । उता आनन्दकुटी विहारमा आज बिहानै देखि निक्कै हुलमुल थियो र यात्रामा जानेहरू सबै श्रामणेरहरू आ-आफ्ना माल-सामानको तयारी गर्दै थिए ।

Downloaded from http://dhamma.digital/

आनन्दकुटी विहारवासी पाँच जना र श्रद्धेय भिक्षु अश्वघोष-ज्यूका बनेपा, ध्यानकुटीवासी तीनजना श्रामणेरहरू पालि त्रिपिटक धर्म अध्ययन गर्नको निमित्त श्री लंका जाने भएका थिए । त्यस बिहान यति चाँडै ६।१५ बज्योकि हत्तरपत्त हामी सबै गाडीमा बसी त्रिभुवन एयरपोर्टको लागि आनन्दकुटी विहार छाड्यौं र चक्रपथ हुँदै ६।३५ बजे एयरपोर्ट पुग्यौं ।

त्यहाँ यात्रीहरू र दर्शकहरूको घुइँचो देखेर एकछिन त हामी वाल्ल पऱ्यौं र के गर्ने कसोगर्ने भन्ने लागि अलमलियौं । प्रस्थानगर्ने यात्रीहरूले आ-आफ्नो पासपोर्टको नम्बर लेखी कहाँजाने, कहाँबाट आएको, के पेशा, तथा के नागरिकता भन्ने आदि विवरण खोली प्रवेश पत्रमा लेख्नु पर्ने रहेछ । हामी पाल्पालीहरूलाई त के थाहा र ! सबै लेख्नुपर्ने काम हाम्रा नायक हुनुभएका मैत्री भिक्षुज्यूले नै सबै गरिदिनु भयो । आ-आफ्नो पासपोर्टमा छाप लगाइसकेपछि प्रवेशपत्र देखाउँदै हामीहरू कष्टम् जाँचगर्ने कक्षभित्र पस्यौं । त्यहाँ "यसमा के छ ? त्यसमा के छ ?" भन्दै कष्टम हाकिमहरूले सामान खोल्दै खरीले चिन्हो लगाएपछि कुल्लीहरूले ती सामानहरू हवाइजहाजमा भकाभक ओसारे । हामी आ-आफ्ना हातमा भएका पोका र हैंडब्यागहरू लिई सिक्युरिटी कोठामा गयौं । स्त्रीहरू स्त्रीहरू जाँचने कोठामा र पुरुषहरू पुरुषहरू जाँचने कोठाभित्र पालैसित पस्यौं । त्यहाँ भित्र हातमा भएका पोका र हैंडब्यागहरू खोली हेर्दारहेछन् । यतिमात्र होइन प्रत्येकको ज्यूमा पनि छामछुम गरी हेर्दारहेछन् । यसरो हेर्नाको कारण

Downloaded from http://dhamma.digital/

कुनै शस्त्र अस्त्र लुकाएको छ कि भन्ने हेतुले रहेछ । त्यसपछि विश्रामशालामा बसिरह्यौं । जब लाउडस्पीकरबाट "कोलम्बो जाने महानुभावहरू हवाइजहाजमा प्रस्थान गर्नुहोस्" भन्ने आवाज सुन्यौं तब विश्रामशालामा बसिरहेका कोलम्बो (=श्री लंकाको राजधानी) जाने महानुभावहरू प्रवेशपत्र देखाउँदै हवाइ मैदानमा गए । हामी पनि गयौं र हवाइजहाजमा पुगेपछि त्यहाँ पनि प्रवेशपत्र देखायौं र त्यसबाट अधकट्टी त्यहीं उभि-इरहेका कर्मचारीले लिएपछि हामी एक एक गरी हवाइजहाज भित्र पस्यौं । हाम्रा हातमा भएका प्रवेशपत्रमा आफू बस्ने शीटको नम्बर उल्लेख भएको रहेछ र त्यस बमोजि हामी आ-आफ्नो शीटमा बस्यौं । केहीछिन पछि हवाइजहाजकी एक कर्मचारी आई पिपरमेन्ट बाँडि दिइन् । त्यसपछि निर्धा-रित समय १०।५५ मा हवाइजहाजको इन्जिन चलेको आवाज सुनियो र ११ बजे हवाइजहाजले जिमिन छोड्यो । हवाइ-जहाजको झ्यालबाट काठमाडौं उपत्यकाको सुन्दर दृश्यको साथै केहीछिन हिमाल श्रृंखला हेर्दै थियौं । हवाइजहाज चाहि करीब ३६ हजार फीटभन्दा माथिहुँदै उडदैगयो । अनि हवाइ-जहाजका केही कर्मचारीहरूले यात्रीहरूको सन्तुष्टिको लागि केही पेयहरू ल्याउँदै ज-जसले जे जे भन्यो त्य-त्यसलाई त्यो त्यो दिएको देखेर हाम्रा साथीहरू छक्क परे । वहाँहरू यस-भन्दा अघि हवाइजहाजबाट विदेश भ्रमण गर्नु भएको थिएन । त्यसको लगत्तै पछि तातो तातो सुस्वादिला खाना पनि सबै-लाई अर्पित गरे । मलाई चाहि हवाइजहाजमा बस्दा उल्टी

Downloaded from http://dhamma.digital/

हुने भएको हुँदा केही खान मन लागेन । साँच्चै भन्ने हो भने शाही नेपाल वायुसेवाको उडान र अतिथिसत्कार कुनै वैदेशिक बायुसेवाभन्दा कम भन्न सकिन्न ।

झ्यालबाट हेर्दाहेर्दै कहीं नदी-नालाहरू कही शहरहरू जस्तै देखिने भए कहीं समुद्र पनि देखियो । समुद्र देखेर केहि-बेर पछि हरियाली अग्ला अग्ला रूखहरूका बीच बीचमा राता राता टायलका छाना भएका स्याना स्याना घरहरू देखिन के थालेकाथिए हवाइजहाज अग्ला अग्ला नरिवलका रुखहरूको माथि हुँदै दिउसोको ठीक २।१० बजे श्री लंकाको 'कटुनायक' भन्ने हवाइग्राउण्डमा हवाइजहाजको पाँग्राले जमिन छोएको चालपायौं । केहीछिन धावनमार्गमा धावन गरिसकेपछि आफ्नो निर्धारित ठाउँमा हवाइजहाज ठ्प्प रोकियो । अनि प्रत्येक यात्रीले आ-आफ्ना सामानहरू कसैले हातमा लिए भने कसैले काँधमा झुण्ड्याउँदै हवाइ-जहाजबाट बाहिर निस्के । हामीहरू पनि आ-आफ्ना सामानहरू लिई निस्कयौं । यहाँबाट निस्कने बित्तिकै हामीलाई सर्वप्रथम तातो तातो बतास र रनक्क रन्केको घामले खल खल पसिना बघाउँदै स्वागत गरेको अनुभव गऱ्यौं । घरभित्र पसेपछि लाइनमा बसेका हामी प्रत्येक व्यक्तिको पासपोर्ट हेर्दै पासपोर्टमा छाप लगाएपछि हामी क्रमशः भित्र पस्यौं । हाम्रो दलसँगै पाटनका श्री शान्त बज्राचार्य पनि साथमा आउनु भएको थियो । यसरी हामी १३ जनाको डफा भित्र आई सामान आउने ठाउँमा उभिइरह्यौं । सामानहरू आफसे आप विस्तारै

Downloaded from http://dhamma.digital/

घुमिरहेको यन्त्रमा आइपुगेका हुन्छन् । काठमाडौंमा जस्तै सामानहरू मानिसले ल्याउन पर्दैन । अनि हामीहरू यो रमाइलो हेर्दै आफ्नो सामानको प्रतीक्षामा उभिइरह्यौं । सामान आउने बित्तिकै आ-आफ्नो सामान लियौं । यत्तिकैमा एक भद्र महिला आई "भिक्षु मैत्री भन्ने कहाँछन् ?" भनी सोधिन् । वहाँ हामीहरूलाई मद्दत गर्न आउनु भएको रहेछ । वहाँ उहीं हवाइअड्डामा कामगर्ने एक डाक्टरनी रहिछन् । अनि मैत्रीज्यूसँग भेटेपछि वहाँहरूले के के कुरा गर्नुभयो कुन्नि हामीलाई थाहा भएन । हामीहरूको प्रवेशपत्रमा जे जति लेख्नु पर्ने काम थियो ती सबै भिक्षुज्यूले हवाइजहाजमै लेखिसक्नु भएको रहेछ । त्यस पत्रमा कहाँबाट आएको. के नागरिकता, लंकामा कहां बस्ने र कति बस्ने तथा विदेशी मुद्रा कति छ ? भन्ने आदि कुरा खोलेर लेख्नु पर्ने रहेछ । यसै बीच आनन्दकुटी बिहारका ५ जना श्रामणेरहरू जुन विहारमा राख्ने प्रबन्ध गरिएको हो त्यस परमधम्मचेतिय परिवेण, रत्मलानका प्रमुख भिक्षु मापलगम बिपुलसार महास्थविर पनि एउटा बस लिएर हामीलाई लिन आउनु भएको रहेछ । कष्टम जाँचगर्ने काम सिद्धिएपछि हामी सबै वहाँ महास्थविरका साथ बाहिर निस्कयौं । वहाँसँग दुइजना फोटोग्राफरहरू पनि आएका थिए र फोटोहरू पनि खिचे । त्यसपछि हामी आँगमा खल खल पसिना बघाउँदै बसमा बस्यौं । अनि कटुनायक हवाइअड्डा छाडी २५।३० किलोमिटर लामो कोलम्बो शहरको बाटो लाग्यौं । हामी गर्मीले प्यासी हालाउन् भन्ने ठानी हामीलाई

Downloaded from http://dhamma.digital/

लिन आउनु भएका महास्थविरज्यूले बीच बाटामा शीतलपान-द्वारा संग्रह गर्नु भयो। सबैले मजासँग शीतलपान गरे। मलाई चाहिं चोसो पिउन मन नलाग्ने भएकोले त्यतिसारो स्वाद लिएर पिइन। अनि कोलम्बो शहर पुग्दा २।४५ बजेको थियो।

अग्ला अग्ला नरिवलका रूखका बीच बीचमा राता रात टायलका छाना भएका धेरै जसो भुइतले मात्र घरहरू हेर्दै कोलम्बो शहरभित्र आयौं। जति जति कोलम्बो शहर आइ-पुग्यौं त्यति त्यति अग्ला अग्ला घरहरू पनि देखिन थाले। त्यसपछि निकै चौडाई भएको सफा सुग्घर बाटो हुँदै हामी कोलम्बो शहरबाट १५।२० किलोमिटर टाढा पर्ने रत्मलान भन्ने ठाउँको परमधम्मचेतिय परिवेणमा ४।३० बजे आइ-पुग्यौं।

वहाँ महास्थविरको रमणीय उक्त परिवेणमा समुद्रबाट आएको चीसो हावामा साँस फेर्दै केही छिन त्यहाँ विश्रामगर्‍यौं। आनन्दकुटी विहारका प्रज्ञामूर्ति, धर्ममूर्ति, दीपंकर, श्री ज्ञान र कमलशील श्रामणेरहरू त्यहाँ बस्ने रहेछन्। यतिञ्जेल मैत्री भिक्षुज्यूले हामीलाई बस्नको निमित्त व्यवस्था गरिरा-खेको कोलम्बो शहरको ह्यावलोक् टाउन, माया एभेन्यू भन्ने टोलमा 'यमुना' भन्ने घरका धनी श्री रंजित श्रो निश्शंकलाई फोनमा कुरा गर्नु भएको रहेछ र वहाँ पनि हाम्रो प्रतीक्षामा घरमै बसिरहनु भएको रहेछ। त्यसैले पाल्पाका हामी तीनजना महिलाहरू, पाटनका एक युवक र भिक्षु अश्वघोषज्यूका

Downloaded from http://dhamma.digital/

विनीत, सोभित र आनन्द भन्ने तीनजना श्रामणेरहरू लिएर मैत्रीज्यूले हामीलाई रत्मलानबाट ४।१५ बजे उक्त 'यमुना' भन्ने घरमा राखी वहाँ उक्त तीनजना श्रामणेरहरूलाई एक रातको लागि श्री लंकाको ख्यातिप्राप्त मालिगाकण्ड रोडस्थित विद्योदय परिवेणमा राखी फर्कनु भयो र हामी पाँचजना सोही घरमा बस्यौं ।

उक्त घरका मालिक श्री रंजितज्यू चाहिं त्यस घरमा भन्दा आफ्नो नरिवलको खेत भएको कुरुनामल जिल्लाको कोहिलगेदर भन्ने ठाउँमा बढता समय वस्नुहुँदो रहेछ । श्रद्धेय भिक्षु अमृतानन्दज्यूको अनुरोधले गर्दा वहाँले सो घर छाडिदिनु भएको रहेछ र हामीलाई स्वागत गर्नको निमित्त त्यस दिनदेखि हामी लंकामा रहुन्जेलसम्म वहाँ कोलम्बोमै बस्नुभयो । वहाँको खेत कोलम्बोबाट करीब ६०।७० किलोमिटर टाढा उत्तरतिर पर्दो रहेछ । सो घरमा केवल घर हेरचाह गर्ने दुइजना सेवकहरू मात्र बस्दा रहेछन् । घरको कम्पाउण्ड भित्र बडो रमाइलो हरियाली बगैंचा छ र शहरभन्दा अलिकता बाहिर भएको हुदा एकान्त शान्त वातावरण मात्र होइन चारैतिरबाट खुला भएको हुँदा शुद्ध स्वच्छ हावाको पनि कमी थिएन । घरको ढाँचा चाहिं स्तूपाकारको छ । भर्याङ उक्लिने ठाउँनिरको भित्तामा एक अत्यन्त सौम्य तथा शान्त देखिने मानिसजत्रै उभिएको अभय मुद्राको बुद्धको चित्र झुण्डयाइएको छ र माथि कौशीमा मानिस जत्रै भएको ध्यानमुद्राको शान्त बुद्धमूर्ति राखिएको छ । घरका जहानहरूले

Downloaded from http://dhamma.digital/

बिहान र बेलुकी त्यस स्थानमा गई नित्यपूजापाठ गर्दा रहेछन् । हाल श्री रंजितज्यूको आँमा र बहिनी स्वास्थ्य उपचारको निमित्त दक्षिण भारततिर बसिरहेका रहेछन् । उक्त घरमा बस्न पाएको हुँदा होटलको आर्थिक बोझबाट मुक्त भएका मात्र होइनौं आफ्नै घरमा बसे जस्तै सुविस्तासाथ बस्न पाएकोमा श्री रंजित श्री निश्शंक महाशय प्रति हामी आभारी छौं र व्यवस्था मिलाई दिनु हुने श्रद्धेय अमृतानन्द महास्थविर प्रति पनि हामी ऋणी छौं ।

## चैत्र १७ गते बिहिबार

श्री लंका देश समुद्रले घेरिएको एक टापु भएको हुँदा यसलाई 'लंकाद्वीप' पनि भन्दा रहेछन् । पहाडमा बस्ने हामीले समुद्र न देखेको हुँदा आज बिहान सबेरै ५।३० बजे उठेर सर्वप्रथम हामीहरू नजिकको एक स्थानमा पैदल गई समुद्रको लहर आएको हेर्दै केहीबेर समुद्रको पानी छोई समुद्रको हावा खाएर ७।३० बजे डेरामा फर्क्यौं । पैदल नै गएको हुँदा विहानको सुनसानमा शहरको शान्त वातावरण पनि हेर्नपायौं । त्यहाँ मानिसहरू स्त्री पुरुष दुबै थरिले लुंगी लगाउँदा रहेछन् । पुराना खालका स्त्रीहरूले लुंगी जस्तो सेतो कपडा लगाई आधा बाहुला भएको चोलो लगाउँछन् भने आजकालका महिलाहरूले चाहिं सारी, फ्रग र ब्लाउज लगाउँदा रहेछन् । पुरुषहरूमध्ये चाहिं आधुनिक सभ्यताले छोएकाहरूले पैट र कमीज लगाउँछन् भने अरूले लुंगी अथवा सेतो कपडा र कमीज

Downloaded from http://dhamma.digital/

लगाउँ छन् । लंकाका साधारण मानिसहरूले पनि बिहान जलपान, त्यसपछि भात, दिउसो च्यापान र रात्रीखाना भातै खाँदा रहेछन् । यहाँको मूख्य खाना भात नै रहेछ । तर हाम्रो नेपालमा जस्तो झोल भएको तिहुनको सट्टा झोल नहालेको तरकारीसँग खाँदा रहेछन् । पीरो पनि असाध्य खाँदा रहेछन् । यहाँ नरिवलको तेलमा पकाउँदा रहेछन् र तोरीको तेल र घ्यू भनेको छैन ।

बिहान जलपानमा चाहिं लंका भाषाले 'आप्पा' भनिने अर्थात नेवारीमा 'चतामढी' भन्ने जस्तो चामलको पीठोले पकाइएको रोटी र अर्को चाहि "इन्दिआप्पा' भनिने चामलको पीठोले नै बनाइएको 'सिन्कामढी' जस्तै रोटी नरिवलको धूलोमा सुकेको माछा (सुकुटी), मरीच, खुर्सानी र प्याजका टुक्रा राखी ढिकीमा कुटेको 'साम्बल्' भन्ने धूलोसँग खाँदा रहेछन् । नेपालमा चतामढी तावामा पकाउने भएको हुँदा बीचमा फ्वाक्क उठेको हुन्न । श्री लंकामा चाहिं करुईमा पकाउने भएको हुँदा वरिपरि पातलो भएर बीचमा फ्वाक्क उठेको हुन्छ । चिया चाहिं जहिले जहाँगए पनि पिउने त चलनै छ । लंकाको चिया चाहिं लोक प्रसिद्ध छ । शहरका जतातते भित्ताहरूमा 'जहिले पनि च्या पिउनुहोस्' भन्ने विज्ञापन लेखिएको देखिन्छ ।

बिहान ७।३० बजे जलपान गरिसकेपछि ८।३५ बजे हामी घुम्नको निमित्त बाहिर निस्क्यौं । सबभन्दा पहिले

Downloaded from http://dhamma.digital/

ह्रामी विद्योदय परिवेणमा ८।५५ बजे पुग्यौं । त्यसपछि अश्वघोषज्यूका तीन श्रामणेरहरू मध्ये आनन्द श्रामणेरलाई त्यहीं छाडी विनीत र सोभित श्रामणेरहरूलाई लिई कोलम्बो-बाट करीब २०।२५ किलोमिटर पश्चिमतिर पर्ने 'वारण रज महाविहार[1]' मा गयौं । यो बिहार दुइहजार वर्ष पुरानो, ठूलो ढुंगाको गुफामा अझाजि १८ हातको बुद्धमूर्ति, चैत्य, भिक्षु निवास आदि भएको एक ऐतिहासिक स्थान हो । त्यहाँ पुगेपछि मैत्रीज्यूले ती दुइजना श्रामणेरहरूलाई त्यहाँ जिम्मा लगाइदिनु भएपछि ह्रामी सबै अघि मैत्रीज्यू लंकामा बस्दा करीब दुइवर्ष जति बसिसक्नु भएको रम्मुटुगल स्थित 'महिन्द समाजसेवा मध्यस्थान' मा गयौं । त्यहाँ मैत्रीज्यूका साथी विमल भन्ने भिक्षुज्यू बस्नु भएको रहेछ । विद्योदय परिवेणबाट निस्कि-सकेपछि 'वारण' जानु अगावै बैंकमा गई आ-आफूलाई चाहिने खर्चको लागि ट्राभलस्‌चेक सटही गऱ्यौं । एक डलरको लंकाको २३ रुपैयाँ पाइंदो रहेछ । दिवाभोजनको प्रबन्ध सोही मध्यस्थानमा भएको हुँदा दिवाभोजनपछि ह्रामी धेरैबेरसम्म उहीं आराम गऱ्यौं । त्यसपछि दिनको ३ बजेतिर त्यहाँबाट कोलम्बोको पश्चीमतिर क्यालनी गंगा पारीस्थित 'क्यालनोय रजमहाविहार' मा गयौं । यो स्थान लंकाको इतिहास महावंस भन्ने ग्रन्थ अनुसार भगवान् बुद्धले बुद्धत्त्व प्राप्त गरेको आठौं वर्षमा त्यस बखतका 'मणिअक्खित' भन्ने नाग गोत्रिक राजाको

---

१. श्री लंकामा जति पनि विहारहरू प्राचीन कालका राजाहरूले बनाएका छन् ती सबैलाई 'रजमहाविहार' भन्दा रहेछन् ।

Downloaded from http://dhamma.digital/

प्रार्थना अनुरूप पाँचशय भिक्षुहरूका साथ तेश्रो पटक वैशाख पूर्णिमाको दिन लंकामा आउँदा बसेर धर्मदेशना गर्नुभएको आसन राखी मणिअक्खित राजाले बनाएको स्यानो स्तूपलाई पछि 'यटालतिस्स' राजकुमारले साठी फिट जति विशालगरी धानको थुप्रो जस्तो आकारले बनाइएको पारिभोगिक चैत्य छ। हाल त्यहाँ करीब १५० वर्ष अघि बनाइएको लौकिक कलापूर्ण भव्य मन्दिर छ। यस भित्र १८ हाते लेटिरहेको बुद्धमूर्ति, ध्यानमुद्राको बुद्धमूर्ति र भगवान् बुद्ध लंकामा आउनुहुँदा घटेका घटनाहरूका कुरा दर्शाउँदै अत्यन्त रोचक तथा आकर्षक ढंगले भित्तामा अंकित चित्रहरूद्वारा कुनै पनि दर्शकको मन मुग्ध नभई रहन सक्तैन। यस विहारको प्रांगणमा करीब ५०० वर्ष पुरानो एक विशाल बोधिवृक्ष छ भने चैत्यको दक्षिण पट्टि विभीषणको मूर्ति भएको देवालय पनि छ। त्यस बिहारमा भक्तिपूर्वक पूजापाठ गरिसकेपछि मैत्रीज्यूले हामीलाई त्यहाँबाट ४ बजेतिर कोलम्बोको रेडिओ स्टेशन देखाउन लैजानुभयो। त्यसपछि कोलम्बो शहरका बीचमा पर्ने गगाराम र त्यसको बाँया पट्टि अगाडि पोखरीको बीचमा बनाइराखेको सीमागृहमा लैजानुभयो। गंगारामको प्रमुख मन्दिरको बीचमा भूमिस्पर्श मुद्रामा बसिरहेको विशाल बुद्धमूर्ति थियो भने चारैतिर चित्र र बाहिर अनेक जातकका कथा सम्बन्धी र बुद्धजीवनी सम्बन्धी मूर्तिहरूको दृश्यले हामीलाई बहुतै प्रमुदितपाऱ्यो। बर्मामा जतातत्तै सिंगमरमरका बुद्धमूर्तिहरू देखिन पाइन्छन् भने

Downloaded from http://dhamma.digital/

थाइलैण्डमा सुनको जलप लगाएका ढलौटका मूर्तिहरू देख्न पाइन्छन् । श्री लंकामा चाहिं सिमेन्टी र माटाका मूर्तिहरूमा पहेंला इनामेल लगाएका पहेंला पहेंला मूर्तिहरू रहेछन् । त्यहाँबाट हामी रातको ७।४५ बजेतिर 'यमुना' भन्ने आफ्नो डेरामा गयौं ।

'यमुना' घरका मालिक श्री रंजितज्यूले हामीलाई धेरै अबेरगरी राती न आउनू भन्ने कुराको सूचना अघिनै सुनाइसक्नु भएको थियो । त्यसैले हामी कहिल्यै पनि धेरै अबेरगरी आउन्नथ्यौं । सारै अबेर भए रातको ८ बजे सम्ममा डेरामा आइपुग्थ्यौं । त्यस राती मैत्रीज्यूको माध्यमद्वारा घरपतीसँग केही कुशलवार्ता भएको थियो । खानपानको लागि किनमेलको निमित्त त्यहाँका सेवकहरूलाई हामीले दिएको पैसा जम्मै घरपतीले फर्काउन लगाउनु भयो । घरपतीज्यू असाध्ये हसियाली र ख्याल ठट्टागर्ने स्वभावका तथा रिष्टपुष्ट अग्ला हुनुहुन्छ ।

## चैत्र १८ गते शुक्रबार

आज बिहान ८।३० बजे घुम्नकोलागि बाहिर निस्क्यौं । लण्डन बुद्धिष्ट विहारमा बस्नुहुने श्रीलंकाका डा० हम्बलवे सद्धातिस्स महास्थविर हामी बस्ने ठाउँमा आउनु भएको थियो । वहाँसँग हामी सबै रत्मलान, परमधम्मचेतिय परिवेणमा गयौं । त्यहाँ मापलगम विपुलसार महास्थविर र अस्ति राखेर गएका श्रामणेरहरू भेटचौं । त्यहाँबाट ६।४०

Downloaded from http://dhamma.digital/

बजे 'वेल्लन् विल' भन्ने महाबिहारमा गयौं । त्यहाँ एक ठूलो उभिइरहेको बुद्धरूप र त्यसको पछाडिपट्टि त्यस्तै ठूलो लेटि-रहेको बुद्धरूप थिए । विहारमा दर्शन गर्न आउनेहरूको घुइचो निक्कै थियो । मैत्रीज्यू केही अरू कामको निमित्त हामीलाई त्यहाँछाडी बाहिर जानुभयो । ११।१० बजे पुनः हामीलाई लिन आउनुभयो र वहाँ अघि लंकामा बस्दा दिदी समानगरी बसेकी उपासिकाको घरमा दिवाभोजनको व्यवस्था गरिएको हुँदा हामी सबै त्यहाँ खाना खाई दिनको २।१० बजे चिडियाखाना हेर्न गयौं । चिडियाखाना भित्र पस्न प्रत्येकले ३० रूपैयाँको प्रवेशपत्र लिनुपर्ने रहेछ । चिडियाखानामा अरू चीजको अलावा हात्तीहरूको नाच र सर्कस अति रोचक थियो । यहाँ दर्शकहरूको भीड थियो । हात्तीको नाच हेरिसिद्धिएपछि ५।३० बजे हामीलाई मैत्रीज्यूले नेपाली बाणिज्य दूतावासको घरमा लैजानु भयो । त्यसपछि कोलम्बोको बम्बलपिटियस्थित वजिरारामा गयौं । त्यहाँ नेपालमा बुद्धधर्म प्रचार गर्नको निमित्त धेरै पटक नेपालमा आउनु भएका ८७ वर्षीय नारद महास्थविरज्यूको दर्शन गऱ्यौं र त्यस विहारको नामी पुस्तका-लय पनि हेऱ्यौं । सो पुस्तकालयमा नेपालका स्वर्गीय भाजुरत्न साहुले प्रदान गरेको नेपाली कलापूर्ण, सुनको जलप लगाएको एक सुन्दर भूमिस्पर्श मुद्राको बुद्धरूप पनि राखेको देख्न पाउँदा हामीलाई निक्कै खुशी लाग्यो । अर्को स्थानमा आनन्दकुटी विहार गुठीले प्रदान गरेको एक ठूलो ढलौटको बुद्धमूर्ति पनि हामीलाई देखाएको थियो । करीब ४५।४६ वर्ष अघि श्रद्धेय

Downloaded from http://dhamma.digital/

अमृतानन्द महास्थविर यसै विहारमा बस्नु भएको रहेछ। त्यसपछि ७।४५ बजे हामी डेरामा फर्क्यौं र नित्य पूजा पाठ गरिसकेपछि विश्राम गर्‍यौं।

## चैत्र १९ गते शनिवार

आज बिहान ८।२० बजे घुम्नको निमित्त घरबाट निस्की भूतपूर्व प्रधानमंत्री श्रीमती भण्डारनायकले चिनिया सहयोगद्वारा बनाइएको हाम्रो नेपालको राष्ट्रिय सभागृह जस्तो तर त्यसभन्दा धेरै गुणा विशाल सभागृहमा गयौं। सभागृहको अवलोकन पछि हामी ड्यूटीफ्री पसलमा गयौं र हाम्रा दिदी र भाउजूहरूले केही स्याना रेडिओ र केही घडी-हरू किन्नु भयो र मैले पनि एउटा स्यानो घडी किनें। यस पसलको घरभित्र पस्नालाई २५ रूपैयाँको प्रवेशपत्र लिनु पर्दो रहेछ। त्यसपछि हामीलाई मैत्रीज्यूले आफू अघि विद्याध्ययन गरेको श्री विपुलसेन मावत भन्ने सडक स्थित श्री लंका विद्या-लयमा लैजानुभयो र त्यहाँ चैत्य भित्र बुद्धरूप स्थापित गरिएको सुन्दर दृश्यको अवलोकन गरी एक होटलमा गई दिवाभोजन गरियो। यस विहारमा मैत्रीज्यूका आचार्य हुनु भएका रामञ्ञ निकायका अनुनायक हुनु भएका बद्देगम बिम-लवंश महास्थविर बस्नु भएको रहेछ। त्यसपछि मैत्रीज्यू प्रव्रजित हुँदा लंकाको प्रचलन अनुसार जात्रागरी ल्याएको स्थान जेतवनाराम पनि हेर्न गयौं। त्यसपछि तिमिरिगसयाय भन्ने टोलमा भएको अशोकाराम र ह्यावलोक टाउन स्थित

Downloaded from http://dhamma.digital/

इसिपतनाराम पनि हेर्नगयौं । यी विहारहरू मध्ये एकमा परिनिर्वाण बुद्धमूर्ति र अर्कोमा ध्यानमुद्राको बुद्धमूर्ति थियो । मूर्तिको दायाँ बायाँमा मानिस भन्दा अग्ला उभिएका सारिपुत्र र महामौद्गल्यायन दुइ बुद्धका अग्रश्राबकहरूका सुन्दर मूर्ति-हरू पनि थिए । मौद्गल्यायनको रूप चाहिं हरियो थियो । मन्दिरको चारैतिर भित्तामा तथा सिलिंग्मा अनेक बुद्धजीवनी सम्बन्धी कथाहरू र लंका इतिहासका प्रमुख घटनाका चित्रहरू अंकित थिए । त्यस चित्रहरूमा उल्लिखित कथाहरू सुन्दासुन्दै समय बितेकै थाहा पाएनौं ।

त्यसपछि हामी फेरि वारण रजमहाविहारमा गई त्यहाँ छाडेर गएका विनीत र सोभित श्रामणेरहरू भेट्न गयौं । यो विहार एक पहाडमा अवस्थित छ र यो एक प्राचीन कालका राजाहरूद्वारा बनाइएको विहार हो । त्यसैले लंका भाषामा ‘रजमहाविहार’ अर्थात् ‘राजमहाविहार भनिएको हो । जति पनि विहारहरू अतीतका राजाहरूद्वारा बनाइएका छन् ती सबैलाई ‘रजमहाविहार’ भन्दा रहेछन् । त्यहाँ पुग्नासाथ विनीत श्रामणेर धुमधामसग रोए र त्यस सुनसान ठाउँमा बस्दै बस्दिन भनी भन्न थाले । यति मात्र होइन सो श्रामणेरले खाना पनि नखाई बसेको कुरा पनि थाहाभयो । केही दिन अघि मात्र जिम्मालगाई जानु भएका मैत्रीज्यूलाई त सारै धर्मसंकट पर्न आयो । सो श्रामणेरले यो पनि जिद्दीगरी भन्न थाले कि “यहाँ त म बस्दै वस्दिन । राख्ने भए कोलम्बोको विद्योदय परिवेणमा राख्नुहोस् नत्रभने वरू काठमाडौं मै फर्केर जानेछु”

Downloaded from http://dhamma.digital/

भनी रोएको देखेर मैत्रीज्यूलाई निक्कै अप्ठेरो पर्‍यो र पछि विहारका प्रमुख महास्थविरसँग क्षमा मागी केही कुरा गरिसक्नु भएपछि विहारका प्रमुख महास्थविरले "यदि बस्नै चाहन्न भने के गरुँत, लै जाऊ" भन्ने बचन दिएपछि मैत्रीज्यूले विनीत श्रामणेरलाई "हुन्छ, लैजाने छु" भन्ने बित्तिकै अघि आउँदा दुइजनाले बोकेर लगेको आफ्नो ट्रंक अहिले चाहिं आफू एक्लैले तुरन्त बोकेर ल्याए। यो देखेर हामीलाई बडो अचम्मलाग्यो। विनीत श्रामणेर न बस्ने भएपछि अर्को सोभित श्रामणेरलाई पनि साथमा लिई कोलम्बोको विद्योदय परिवेणमा जिम्मा लगाई हामी डेरामा फर्क्यौं।

हामी डेरामा पुग्नुभन्दा अगाडि काठमाडौंबाट श्रीमती द्वारिकादेवी मानन्धर पनि हामीसँगै घुम्न जाने कुरा भए अनुसार आजको हवाइजहाजबाट आई हाम्रो डेरामा निक्कै आत्तिदै एक्लै घरमा बसिरहनु भएको रहेछ। हामीलाई भेटेपछि वहाँ वल्ल खुशी हुनुभयो। त्यसपछि राती ८ बजेपछि रत्मलान परमधम्मचेतिय परिवेणाधिपति मापलगम विपुलसार महास्थविरज्यूको फोन आयो र वहाँको परिवेणमा[१] त्यस रात रातभरी महापरित्राण पाठ हुने भएकोले हामी सबैलाई परित्राण श्रवण गर्नको निमित्त आउनू भनी भन्नु भयो। त्यसैले हामी सबै अर्थात् हामी पाल्पाका तीन जना, आजै मात्र आइ-

---

१. भिक्षु श्रामणेरहरूलाई पढाउने व्यवस्था भएको विहारलाई 'परिवेण' भन्दा रहेछन्। अर्को शब्दमा भन्ने हो भने भिक्षुहरूको विद्यालयलाई 'परिवेण' भनिएको हो।

Downloaded from http://dhamma.digital/

पुग्नु भएकी द्वारिकादेबी साहुनी, पाटनका शान्त बज्राचार्य र मैत्रीज्यू सहित ६ जना रातको ९ बजे त्यहाँ गयौं र एक डेढ घण्टा जति परित्राण श्रवण गरी हामी सबैले उहीं रात बितायौं। मण्डपको सजावट सुपारीका बोटका फूलहरूले मात्र सजाएको होइन बल्कि चँदुवामा पानको पत्ताहरू पनि झुण्ड्याइएका थिए। परित्राण गर्ने भिक्षुहरूको स्वर सारै मधुर र एकस्वर थियो।

## चैत्र २० गते आइतवार

आज बिहान सबेरै हामीहरू रत्मलानबाट आफ्नो डेरामा आयौं। अनि कोलम्बोबाट ११५ किलोमिटर टाढा पर्ने लंकाका अन्तिम राजा श्री विक्रम राजसिंहले ईस्वी सं. १७९८ मा राज्य गरेको क्याण्डी भन्ने नगरमा जाने कार्यक्रम भएको हुँदा आ-आफ्ना सामानहरू लिएर हामी मोटरमा बस्यौं। अनि क्याण्डी रोडका बाटामा पर्ने गम्पह, वरकपोल, अम्बेपुस्स, क्यागल्ल, कंदुगन्नाव र पेरादेनिय हुँदै क्याण्डी नगरमा पुग्यौं। यो क्याण्डी नगर लंकाको मध्यभागमा पहाडी इलाकामा छ। अनि क्याण्डी शहर पुग्नु अगाडि कदुगन्नाव शहरबाट अलि पर ईस्वी सम्बत् १३४७ मा चतुर्थ भुवनेकबाहु राजाद्वारा कालो ढुंगाको पहाडको शिखरमा कालो ढुंगाले बनाइएको 'गडलादेणिय रजमहाविहार' मा गयौं। यस विहारमा सारै राम्रा ढुंगामा कुँदिएका बुट्टाहरू छन्। यस स्थानमा करीब ४० फीट जति अग्लो चैत्य, धर्मशाला,

Downloaded from http://dhamma.digital/

संघावास र उपोसथागार पनि छन् । यस विहारको दाहिनेतिर जम्बुद्वीपबाट ल्याइएको आनन्दबोधिको शाखाबाट पलाएर आएको भव्य बोधिवृक्ष पनि छ । यसपछि क्याण्डी नगरको नजिकैको 'पेरादेणिय' भन्ने वोटानिकल गार्डन पनि हेऱ्यौं । यो गार्डन अर्थात् बगैंचा ईस्वी सम्बत् १३६० मा राज्यारोहण गरेका तृतीय विक्रमवाहु महाराजाले प्रारम्भ गरेका रहेछन् । पछि पछि हुने राजा र सरकारहरूले पनि यसको अभिवृद्धि गर्दै लगे र आज यस वगैंचा भित्र जानको लागि १० रूपैयाँको प्रवेशपत्र लिनु पर्दोरहेछ । वगैंचा अति सफा सुग्घर र रमणीय छ । अरू चीजहरूको अलावा हामीले लवाङ र मरीचका बोटहरू पनि देख्यौं । यस बगैंचामा विश्वका अनेक प्रकारका रुखहरू पनि छन् । यो वोटानिकल गार्डन 'महावेली' गंगाको तीरमा पर्छ । त्यसपछि हामी पेरादेणिय विश्वविद्यालय पनि हेर्न गयौं ।

क्याण्डी नगरलाई लांकिकहरू 'महनुवर' भन्दा रहेछन् । 'महनुवर' को अर्थ 'महानगर' हो । यस नगरलाई राजधानीको रूपमा प्रथम विमलधर्मसूर्य राजाले ई. सं. १५९२ मा शुरु गरेका रहेछन् । श्रीलंकाका अन्तिम राजा श्री विक्रम राजसिंहले राजधानी क्याण्डी नगरमा ई. सं. १७९८ मा राज्यारोहण गरेको रहेछ । यस नगरमा मुख्य दर्शनीय र पूजनीय स्थान भगवान् बुद्धको दन्तधातु राखेको मन्दिर हो । हाल भएको मन्दिर चाहिं प्रथम विमलधर्मसूर्य राजाले बनाएका रहेछन् । ई. स. १६८७ मा द्वितीय विमलधर्मसूर्य राजाले संवर्धन

Downloaded from http://dhamma.digital/

गरेका रहेछन् । यस मन्दिरको रेखदेख 'मल्वतु र अस्गिरी' भन्ने दुइ विहारमा बस्ने स्यामनिकायका महानायकहरू र 'दियवडन निलमे' भन्ने सरकारी हाकिम गरी तीनजनाले गर्ने रहेछन् । अतः हामी क्याण्डी नगरमा पुग्नासाथ सर्वप्रथम दन्त धातु मन्दिरको दर्शन गर्न गयौं र त्यहाँ पूजापाठ गरी सोही मन्दिरको आसपासमा भएको प्राचीन कालमा क्याण्डि-यम् राजाहरूले मुद्दाछिन्ने ठाउँ, विमलधर्मसूर्य विहार र क्याण्डी नजिक अम्पिटिय भन्ने ठाउंको दिउरूँ बोधिविहार पनि हेऱ्यौं । क्याण्डी नगर पहाडहरूले घेरा लगाएको छ । जतातत्तै हराभरा देखिने यस पहाडका बीच बीचमा राता राता छाना भएका घरहरूले दर्शकहरूको मनलाई झन् आकर्षित पार्छन् । दन्तधातु मन्दिरको दाहिनेतिर सिहलहरूका अन्तिम राजा श्री विक्रमराजसिहले बनाएको तलाउले त क्याण्डी नगरको शोभा झन बढाएको देखिन्छ। पहाडमा कफी, चिया र नरिबलका रुखहरू छन् । यहाँ कोलम्बो जस्तो गर्मी न भए तापनि हाम्री दिदी चाहिं पानी देख्यो कि टाउकोमा पानी छयाप्नुहुन्छ । साँझपख दन्त धातु मन्दिरमा पुगेको हुँदा सँध्यासमयको नित्य पूजा गरिरहेको र ढोलक, शंख तथा शहनाई बजाइरहेको पनि सुन्न पायौं । त्यसपछि हामी सबै क्याण्डी नगरमै मैत्रीज्यूका एक साथीको घरमा बास बस्यौं ।

**चैत्र २१ गते सोमबार**

आज बिहान मैत्रीज्यूको अर्का साथीको घरमा गई

Downloaded from http://dhamma.digital/

चियापान गरियो। आज पनि टाढाको यात्रा गर्नुछ। आज हामीलाई १५५ किलोमिटर टाढा पर्ने ससुद्रको छेउमै बसेको त्रिकोमली भन्ने नगरमा जानु थियो। त्यहाँ जाने बाटाको बीचमा नालन्दा, कवटयमुण, दम्बुल, सिगिरी र पोलोन्नरुव आदि दर्शनीय स्थानहरू पर्दछन्।

सर्वप्रथम नालन्दा भन्ने नगरको आसपासमा ई. सं. ११२ मा गजबा महाराजाले स्थापित कवटयमुण भन्ने ठाउँमा रहेको 'कवटयमुणे' भन्ने महाविहार हेर्न गयौं। यो महाविहार ई. सं. १८०० मा शुरु भई भिक्षुसंघका तीन पुस्ता पछि तयार भएको महाविहार रहेछ। यस विहारमा अनेक कोठाहरूमा सारा बुद्धजीवनी र जातक तथा नरकलोकका कुराहरू सबै प्रतिमाको रूपमा बनाइएका छन् र त्यहाँ यी दृश्यहरू हेर्नेको मन त्यसै पग्लेर आउँछ। यहाँ हज्जारौं तीर्थयात्रीहरू आउँछन्। यी विभिन्न मूर्तिहरूको अलावा सीवली महास्थविरका अस्थिधातु निधानगरी बनाएको एक चैत्य पनि छ। बिश्वन्तर जातकको कथा दर्शाइएको जूजक ब्राह्मणको प्रतिमा सारै हृदयस्पर्शी देखिन्छ।

यस महाविहारको अवलोकन पछि हामी दम्बुल्ल भन्ने ठाउँमा पुग्यौं र त्यहाँ करीब ६०० फीट अग्लो ढुंगाको पहाडमा बनाइएको १४० हातको गुफा छ। भनिन्छ कि भगवान् बुद्ध तेश्रो पटक लंकामा आउनुहुँदा यस ढुंगाको चुचुरोमा स्पर्श गर्नु भएको थियो। यो गुफा ई. सं. ८९ मा

Downloaded from http://dhamma.digital/

बलगम्बा महाराजाले बनाएका रहेछन् । यस ठाउँमा पुग्न अलिकता उकालो चढनुपर्छ । हाल त्यहाँ विभिन्न समयमा गुफा भित्र बनाइएका पाँचवटा विहारहरू छन् । जसमध्ये पहिलो विहारलाई 'देवरज विहार' भन्दछन् । यस विहार भित्र १८ हातको ढुंगाको परिनिर्वाण बुद्धरूप र अरू पाँचवटा बुद्धका रूपका साथै आनन्दको प्रतिमा पनि छ। भित्ता र सिलिंगमा अनेक चित्रहरू चित्रित छन् । दोश्रो 'महरज विहार' भन्नेमा पद्मासनमा बसेको बुद्धरूप र मैत्री बोधिसत्वको प्रतिमा र अरू अनेक बुद्धरूपहरूका साथ वलगम्बा राजाको प्रतिमा पनि यसमा भएको हुँदा यसलाई 'महरज विहार' भनेको रहेछ । यस शैलमय गुफाका विहारहरूमध्येमा सबभन्दा अद्भूतको कुरा यो छ कि जो आश्चर्यजनक थियो । त्यस गुफाको माझमा एक पानीको भाँडा राखिएको छ र जसमा ढुंगाको सिलिंगबाट तप्किने पानी पर्थ्यो । सो भाँडो न तप्किने पानीले भरिन्छ न त पानी तप्किन रोकिन्छ । भनिन्छ कि जब मन्दिरमा कुनै अपवित्र वा अशुद्धि हुन्छ तब त्यो पानी रोकिन्छ रे । पश्चीम विहारमा २१ वटा बुद्ध प्रतिमाहरू छन् र सर्वज्ञ धातु र वलगम्बा राजाकी महारानीका आभरणहरू निधान गरी बनाएको एक स्यानो चैत्य छ । त्यसपछि नव महाविहार छ । जुन चाहिं कीर्तिश्री राजसिंह महाराजाले बनाएका रहेछन् । यसमा ककुच्छन्द, कोणागमन, काश्यप र गौतम बुद्धका प्रतिमाहरूका साथ ३० वटा जति अरू बुद्धरूपहरू छन् । दोश्रो नव महाविहारमा चाहिं लेटि-

Downloaded from http://dhamma.digital/

रहेको विशाल बुद्धरूप सहित ११ वटा अरू बुद्धरूपहरू छन् । यस विहारमा भित्ते चित्रहरू पनि अंकित छन् । यति हेरी-सकेपछि हामी कीर्तिश्री राजसिंहले निर्मित त्रिन्कोमली नगरको लागि प्रस्थान गऱ्यौं । त्यहाँ पनि मैत्रीज्यूकी स्यानी दिदी रहीछन् । त्यस नगरमा एक ठूलो होटल छ । त्रिकोमली नजिकबाट समुद्र राम्ररी देखिन्छ । समुद्रको तट्मा पुग्दा हामीले त्यहाँ धेरै हिप्पीहरू र अरू पश्चीमी देशका यात्रीहरूले समुद्रमा पौडी खेलिरहेका देख्यौं । समुद्रको तटमा उभिएर हामीहरूमध्ये एक जनाले एक फोटो खिचेको थियो । त्रिको-मलोको एउटा डाँडामा रावणकी आमाको पूजागर्ने स्थान भनिने एक अत्यन्त सुन्दर हिन्दुमन्दिर थियो । त्यस शिखरबाट निलावेली समुद्रको हरियो पानी अति राम्रो देखिन्छ । त्यस-पछि हामी पुन: मैत्रीज्यूकी स्यानी दिदीको घरमा गयौं र चियापान गऱ्यौं । अनि त्यहाँ बनाइदिएका खानाका पोकाहरू लिई हामी साँझ ७ बजे त्रिकोमलीको रेष्टहाउसमा गई बास बस्यौं ।

## चैत्र २२ गते मंगलबार

आज बिहान ७ बजे चियापान गरी हामी त्रिकोमली-बाट १२८ किलोमिटर टाढा पर्ने पोलोन्नरूव भन्ने ठाउँमा गयौं । यस ठाउँमा ई. सं. ६७४ मा चतुर्थ अग्रबोधि महाराजाले आफ्नो राजधानी बनाएका रहेछन् । यस भग्नावशेष प्राचीन स्थल भित्र जान ७५ रूपैयाँको प्रवेशपत्र लिनुपर्ने रहेछ । यो

Downloaded from http://dhamma.digital/

स्थान अति गरम छ । काँढा तारले घेरिएको यस विशाल कम्पाउण्ड भित्र हामीले प्रथम महापराक्रमबाहु राजाले ई. सं. ११५३ मा बनाएका पुस्तकालय विहार, २८० हात गोलाइ र ६५ हात उचाइ भएको चैत्य रहेको 'किरिवेहेर' भन्ने स्थान, लंकातिलक विहार, पराक्रम दरबार, एउटै कालो ढुंगामा कुँदेर बनाएको ४५ फीट लामो परिनिर्वाण बुद्धरूप, त्यसैको सिराननिर २२ फीट अग्ला विरहगर्दै उभिइरहेको आनन्द महास्थविरको रूप तथा ध्यानमुद्रामा बसिरहेको बुद्धप्रतिमा भएको 'गलविहार' भन्ने ठाउँ र 'तिवंक प्रतिमागृह' भन्ने आदि ठाउँहरू हेरी पुनः ई. सं. १०५५ मा प्रथम बिजयबाहु महाराजाले बनाएको सात तले थूपारामविहार तथा ई. सं. ११८७ मा निश्शकमल्ल राजाले बनाएको दरबार र ५५० हात गोलाइ भएको १८० हात उचाइ भएको चैत्य रहेको 'रन्कोत्' भन्ने ठाउँ पनि हेऱ्यौं । अनि फेरि तिवंक प्रतिमागृह, देमल चैत्य तथा म्यादिरिगिरी मण्डप हेरी पोलोन्नरूव शहरको छेउमा प्रथम महापराक्रमबाहु राजाले बनाएको 'पराक्रम समुद्र' भनिने अत्यन्त ठूलो तलाउ पनि हेऱ्यौं । त्यसपछि त्यहाँबाट १०१ किलोमिटर टाढा पर्ने श्रीलंकाको सबभन्दा पुरानो बुद्धवर्ष १०७ मा पण्डुकाभय राजाले बनाएको अनुराधपुर भन्ने प्राचीन राजधानीको लागि प्रस्थान गऱ्यौं । अपराण्ह ४ बजेतिर हामी त्यस प्राचीन राजधानीमा पुग्यौं । अनि त्यहाँ तीर्थयात्रीहरू बस्ने 'दुट्टुग्यामुनु' भन्ने रेष्ट हाउसमा एक कोठा लियौं । कोलम्बोभन्दा यहाँ गर्मी बढता छ । त्यसैले नुहाइ

Downloaded from http://dhamma.digital/

धुवाइ गरी घाम झुल्किरहेको बेलामा हामी अनुराधपुरको प्राचीन भग्नावशेषहरू हेर्न निस्क्यौं ।

सबभन्दा पहिले जम्बुद्वीपका धर्माशोक राजाकी छोरी संघमित्रा महास्थविराले बुद्धवर्ष २३६ अर्थात् ई. पू. ३०७ मा ल्याइएको बुद्धगयाको पीपलको रूखका दुइ शाखाबाट पलाएको आजसम्म दुइ हाँगाको रूपमा विद्यमान रहेको विश्वको सबभन्दा पुरानो पीपलको रूख दर्शन गर्‍यौं । भगवान बुद्धले बुद्धगयाको पीपलको रूखमनि बसी बोधिज्ञान अर्थात् बुद्धत्व प्राप्त गर्नु भएको थियो । त्यहाँदेखि बौद्धहरूले त्यस वृक्षलाई बोधिवृक्ष भन्न थालेका हुन् । अत: उक्त पीपलको रूखलाई लंकावासीहरूले 'श्रीमहाबोधि' भन्दछन् । यस श्रीमहाबोधिको सबभन्दा माथिल्लो तहमा अर्थात् वृक्ष भएकै ठाउँमा कसैलाई जान दिदैनन् । वृक्षलाई घेरा लगाई सुनको जलप लगाएको बारले घेरिराखेको छ । यस मनिको तहमा गई दर्शकहरूले पुष्प धूप दीप जलाई पूजापाठ गर्छन् । हामीले पनि भक्तिपूर्बक स्वयं बुद्धद्वारा परिभोग गरिएको पवित्र यस श्रीमहाबोधिको पूजा गर्‍यौं । कसै कसैले त श्रीमहाबोधि घेरिराखेको बारमा ध्वजा पताकाहरू पनि झुण्ड्याउँछन् । जमिनमा बालुवा छरिएको छ । यस बोधिवृक्षको दुबै वटा मात्र हाँगाहरू छन् । त्यसपछि हामी बुद्धवर्ष ३८३ अर्थात् ई. पू. १६१ मा दुटुग्यामुणु महाराजाले बनाएको १००० फीट गोलाइ र १८० फीट उचाइ भएको रत्नै रत्नहरू जडिएको गजुर भएको स्वर्णमाली चैत्य हेर्न गयौं । त्यहाँ चैत्य प्रदक्षिणा

Downloaded from http://dhamma.digital/

गरी पुष्पधूप प्रदीप द्वारा चैत्य पूजा गर्‍यौं। अनि लंकाको इतिहासमा सबभन्दा पुरानो मानिने अघि अघिका ककुछन्द बुद्धको पानी छान्नी, कोणागमन बुद्धको चीवर बाँधने पटुका, काश्यप बुद्धको नुहाउने धोती राखी समय समयमा चैत्य बनाइ राखेको ठाउँमो हाल शाक्यमुनि बुद्ध लंकामा जानुहुँदा केही छिन समापत्तिमा बस्नु भएको ठाउँमा बुद्धवर्ष २३६ अर्थात् ई. पू. ३०७ मा देवानंप्रियतिश्य भन्ने राजाले १९४ फीट गोलाइ र ६३ फीट उचाइ गरी बनाइएको थूपाराम नामको चैत्य स्थानमा गयौं। अनि बुद्धवर्ष ४५५ अर्थात् ई. पू. ८९ मा वलगम्बा राजाले बनाएको १५० फीट गोलाइ र ५० फीट जति उचाइ भएको श्री लंकाराम चैत्य भन्ने चैत्य, बुद्धवर्ष ४५५ अर्थात् ई. पू ८९ मा वलगम्बा राजाले नै बनाएको १३५५ फीट गोलाइ र २४५ फीट उचाइ भएको अभयगिरी चैत्य, बुद्धवर्ष ८१९ अर्थात् ई. पू. ३३४ मा महासेन राजाले बनाएको ११०० फीट गोलाइ र २३१ फीट उचाइ भएको जेतवनाराम चैत्य, बुद्धवर्ष ३८३ अर्थात् ई. पू. १६१ मा दुट्ट्ग्यामुणु राजाले नै बनाएको ५६० फीट गोलाइ र ६० फीट उचाइ भएको मिरिसव्याटिचैत्य र ढुंगै ढुंगा भएको ठाउँमा रहेको देवानं प्रियतिश्य राजाले बनाएको इसुरूमुनि भन्ने विहार पनि हेर्न गयौं। लंकावासी बौद्धहरूले उपरोक्त श्रीमहाबोधि सहित आठ स्थानहरूलाई 'अटमहास्थान' अर्थात् अष्टमहास्थान भन्दारहेछन्। यसको अलावा समाधिमुद्राको बुद्धरूप, अर्ध मण्डल आदि अनेक ठाउँहरू हेर्‍यौं। पछि

Downloaded from http://dhamma.digital/

देवानंप्रियतिश्य राजाले नै बनाएको तिस्सव्याब अर्थात् तिश्य भन्नै ठूलो तलाउ पनि हेऱ्यौं । अर्को चाहिं दुटुग्यामुणु राजाले बनाएको 'लोवामहापाय' अर्थात लोहमहाप्रासाद भन्ने ६ तले तथा ९०० कोठाहरू भएको प्रासाद जुन ठाउँमा हाल १६०० वटा ढुंगाका थामहरू मात्र बाँकी रहेकाछन् त्यो पनि हेर्नगयौं । हाल यस प्राचीन नगरमा नवनिर्मित नगर र पुरानो नगर गरी दुइवटा नगरहरू छन् । अपार प्रीति र आनन्दका साथ हामी रातपरिसकेपछि डेरामा फर्क्यौं ।

**चैत्र २३ गते बुधबार**

आज बिहान सबेरै चियापानपछि ७।३० बजे अनुराधपुरबाट करीब १५।२० किलोमिटर टाढा पर्ने 'मिहिन्तले' भन्ने ठाउँ हेर्न प्रस्थान गऱ्यौं । बुद्ध वर्ष २३६ मा सम्राट अशोकका छोरा महिन्द महास्थविर जेष्ट पूर्णिमाको दिन इठ्ठिय, उत्तिय, सम्बल, भद्दसाल, सुमन श्रामणेर र भण्डुक उपासक सहित यस पहाडको टुप्पोमा आइपुग्नु भएको रहेछ । त्यस बखत लंकाका देवानं प्रियतिश्य राजा शिकार खेल्न जाँदा महिन्द महास्थविरसँग भेटेर वहाँको उपदेश सुनी ४० हजार मानिसहरूका साथ राजाले त्रिशरण ग्रहणगरी बुद्धमार्गी भएका थिए । लंकावासीहरूले त्यहाँदेखि यस पहाडलाई 'मिहिन्तले' भन्न थालेका रहेछन् । यस पहाडमा महिन्द महास्थविरहरू बस्नु भएको ढुंगाको एक गुफा पनि छ । यो पहाड उक्लनको निमित्त ढुंगाको सिंढी बनाएको छ । यस पहाडको पारिपट्टि कण्टकचैत्यको भग्नावशेष देखिन्छ । पहाडको माथि बोधिवृक्ष र एउटा

Downloaded from http://dhamma.digital/

संघावास पनि छ । जहाँ केही भिक्षुहरू पनि थिए । त्यसपछि हामी अवुकन भन्ने ठाउँमा पुग्यौं । त्यहाँ ई. सं. ४६२ मा धातुसेन राजाले बनाएको उभिइरहेको दुइटै हात माथितिर उठाइ राखेको करीब ४० हात अग्लो भएको 'अवुकन बुद्धरूप' हेरी त्यहाँबाट उपरोक्त राजाले नै बनाएको 'कलाव्याव' भन्ने विशाल तथा सुन्दर तलाउ हेरिसकेपछि हामी अनुराधपुरबाट करीब ११२ किलोमिटर टाढा पर्ने, मातलेबाट केही यता पर्ने 'अलुविहार' अर्थात् आलोकविहार भन्ने ठाउँमा पुग्यौं । यस आलोक विहारमा बुद्धवर्ष ४५५ अर्थात् ई. पू. ८९ मा वलगम्बा राजाको पालामा कुन्ततिस्स अरहन्त भिक्षुको प्रधानत्वमा पाँचशय अरहन्त भिक्षुहरू बसी लंकाद्वीपमा सर्व प्रथम धर्म-संगायना गरी त्रिपिटक जम्मै लिपिबद्ध गरी राखेको रहेछ । यस शैलमय गुफामा संघावास, चैत्य र बोधिवृक्ष पनि छन् । त्यसपछि हामी पुनः मातले भन्ने शहरमा गई मैत्रीज्यूको एक साथीको घरमा बास बस्न गयौं । त्यहाँ त्यस बखत पानीको अभाव थियो र म र मैत्रीज्यू डेरामा बस्यौं । अरुहरू मोटरबाट पानीको झरना भएको ठाउँमा गई नुहाउन गए । ३ बजेतिर गएका साथीहरू साँज ६ बजे फर्केपछि ७ बजेतिर एक होटलमा गएर रात्रीको खाना खायौं । रात्रीको खाना खानुञ्जेल एक साथीसँग भेटछु भनी मैत्रीज्यू एक विहारमा जानुभयो । हामी-हरूको खाना खाने काम सिद्धिएपछि वहाँ पनि फर्केर आउनु भयो । अनि सबैजना डेरामागई रातको १० बजे सम्म टेलि-भिजन हेर्‍यौं ।

Downloaded from http://dhamma.digital/

## चैत्र २४ गते विहिबार

आज बिहानको चियापानपछि ८ बजे हामी 'श्रीपाद' भन्ने ठाउँ हेर्नको लागि प्रस्थान गऱ्यौं। बाटाका बीचमा 'नुवर एलिय' भन्ने इलाकामा पुगेपछि त्यहाँ एक ठाउँमा अघि रावणले शीतालाई लुकाइराखेको लंका भाषामा 'शीता एलिय' भन्ने ठाउँमा पनि गयौं। यो इलाका सबै पहाडी इलाका भएको हुँदा कोलम्बोभन्दा यहाँ धेरै जाडो थियो। समतल भूमिभागमा जताततै नरिवलका, रबरका र सुपारीका रुखहरू देखिन्थे भने यस पाहाडी इलाकामा जताहेरे पनि चिया र कफीहरूका बगानहरू देखिन्थे। लंकामा काजुका रुखहरू पनि जताततै पाइन्छन्। काजुको तरकारी पनि खाँदा रहेछन्। 'शीता एलिय' भन्ने ठाउँमा घना जंगल र सुनसान देखेर मेरो मनमा अहिले त यहाँ यति सुनसान छ भने त्यस बखत यो ठाउँ कस्तो थियो होला भन्ने जस्तो लाग्यो। त्यसपछि हामी समुद्र तटबाट ५५८१ फीट उचाइमा रहेको 'हग्गल' भन्ने उद्यान हेर्न गयौं। यो पुष्प उद्यान सारै राम्रो छ। त्यसपछि नुवर एलिय भन्ने शहरमा आयौं। यो नुवर एलिय शहर 'पिदुरुतलागल' भन्ने पहाडको फेदिमा समुद्र तटबाट ६००० फीट उचाइमा रहेछ। नुवर एलिय शहर अति रमणीय छ। यहाँ कोलम्बोका धनीहरूका आराम लिने बंगलाहरू पनि धेरै रहेछन्। कोलम्बोबाट २१४ किलोमिटर छ। मातलेबाट ११४ किलोमिटर रहेछ। यहाँ काउली, बन्दाकोपी, क्यारट, आलु आदि अनेक सागपात र फूलहरूको खेती हुँदो रहेछ।

Downloaded from http://dhamma.digital/

यस नगरको बम्बरक्याले भन्ने पहाडमा एक ठूलो विहार छ। ह्वावा एलिय भन्ने ठाउँमा अशोकाराम भन्ने कोलम्बो वजिरारामको शाखा विहार रहेछ। समयको अभावले गर्दा हामी त्यहाँ जानसकेनौं र नुवर एलिय शहरको एक सस्तो होटलमा दिवाभोजन गऱ्यौं। हामीहरू भरसक सस्तो होटल खोज्छौं। किनभने लङ्कामा सारै महंगो लाग्छ। सस्तोभन्दा सस्तो होटलमा पनि हामी छजनाको निमित्त एकछाकको ३०० देखि ४०० रुपैयाँ लाग्थ्यो। खाना खाइसकेपछि फेरी यात्रा शुरु गऱ्यौं पहाडै पहाडको पक्की सडकबाट रमाइलो चिया बगानहरू हेर्दै अलि अलि चिसो हावाको आनन्द अनुभवगर्दै ह्याटन भन्ने प्रदेश पारगरी श्रीपादको डाँडा चढनुभन्दा अगाडि मोटर पुग्ने मस्केलिय भन्ने स्यानो नगरमा दिउँसोको ३।३० बजे पुग्यौं। त्यस बखत सिमसिम पानी परेको थियो। श्रीपादको टुप्पोमा जान चाहने हामी पाल्पाका तीनजना महिलाहरू र मैत्रीज्यू हुनुहुन्थ्यो। काठमाडौंकी श्रीमती द्वारिकादेवी मानन्धर र पाटनका श्री शान्त बज्राचार्य चाहिं सोही गाउँको एक होटलमा बसे। पानी परिरहेको हुँदा हामी प्रत्येकले एक एकवटा प्लाष्टिकको ओढने किन्यौं र सोही ओढनी ओढी गोरेटो बाटो चढ्न थाल्दा ४ बजेको थियो। गोरेटो बाटो लागेर केहीबेर गइसकेपछि हाम्रो काठमाडौंको स्वयम्भू जाने खुडकिला जस्तै खुड्किलामा पुगेपछि गेत्तम्पाने भन्ने ठाउँबाट कीर्तिश्री राजसिंह राजाले बनाएको ७८० खुड्किला भएको खुड्किला चढ्न थाल्यौं। अनि मैत्रीज्यूलाई भनें कि आज त म तपाईंलाई

Downloaded from http://dhamma.digital/

दुःख दिन सक्छु । किनभने म उकालो धेरै चढ्न सक्दिन । भाउजु श्रीमती पूर्णमाया र श्रद्धेय मैत्रीज्यूहरू घोडाले फैं फुट् फुट् गर्दै खुड्किलाहरू चढ्दै जानुभयो । म र हाम्री दिदी सुश्री चिनियादेवी चाहिं निक्कै पछि पर्‍यौं । साँचै भन्ने हो भने हामीहरू दुइ खुड्किला के जान्थ्यो थुचुक्कै भुइमा बसिहाल्थ्यौं । दिदी चाहिं गर्मी भयो भन्दै बस्छिन् भने म चाहिं खुट्टा फतक्कै गलेर थुचुक्क बस्थें । हामीलाई त लाजै मर्नु जस्तो भयो । तर मनमा चाहिं जेगरेर भएपनि चुचुरोमा पुग्नै पर्छ भन्ने दृढता थियो । बाटामा ओहरो दोहरो हिडने मानिसहरूको भीड निक्कै थियो । रमाइलो पनि थियो । किनभने वर्षको २।३ महीना मात्र श्रीपादमा जान दिइन्छ । अरू महीनाहरूमा जान दिन्न । त्यो जाने मौसम यिनै महीनाहरू थिए । अतः धैर्य राख्दै एक एक खुड्किला चढदै बस्दै गरी अन्तमा ४ घण्टा बिताई रातको ८ बजेतिर श्रीपादको चुचुरोमा पुग्यौं । भाउजु र मैत्रीज्यू त धेरै अघि नै पुग्नु भइसक्नु भएको थियो । बाटाका बीच बीचमा बिजुली बत्ती बालिराखेको हुँदा अँध्यारो कहीं पनि थिएन । जति जति माथि पुग्दै जान्छ त्यति त्यति ठाडो हुँदै जान्छ र खुड्किलाको एक छेउतिर फलामे बार पनि राखेको छ । जब समुद्रको सतहबाट ७३६० फीट अग्लो श्रीपाद चुच्चे पर्वतको चुचुरोमा पुग्यौं तब त्यहाँको शीतल हावाले र त्यहाँको रमाइलो वातावरणको प्रभावले गर्दा मेरो मनमा यस्तो लाग्यो कि मानो म स्वर्गलोकमा आइपुगें । थकावट जम्मै हराएर गयो र तुरन्त हामी

Downloaded from http://dhamma.digital/

सबै भगवान् बुद्धको पदचिह्न भएको ठाउँमा गई श्रद्धापूर्वक पूजा पाठ गर्‍यौं ।

जुन पदचिह्न हाल त्यहाँ बिद्यमान छ त्यो सकलि पदचिह्न होइन रहेछ । भगवान् बुद्ध बुद्धत्व पछि आठौं वर्षमा लंकाका मणिअक्खित नागगोत्रिक राजाको प्रार्थना अनुसार तेश्रो पटक वैशाख पूर्णिमाको दिन श्रीलंकामा आउनु हुँदा यस चुच्चे पहाडमा बस्ने सुमन (समनदेवी) भन्ने देवराजले यस पहाडको चुचुरोमा आफ्नो पदचिह्न राख्नको निमित्त गरिएको प्रार्थना अनुरूप भगवान् बुद्धले हरियो रत्नमय ढुंगामा आफ्नो पदचिह्न राख्नु भएको रहेछ । शताब्दि पछि मणिमय ढुंगाको सो सकली पदचिह्नलाई भविष्यमा कसैले हानि गर्न नपाओस् भन्ने हेतुले कीर्तिश्री निश्शंक राजाले एक अर्को ढुंगामा सकली जस्तै पदचिह्न कुँदी त्यसलाई छोपि दिएका रहेछन् । हाल देखिने पदचिह्न यही नै रहेछ । त्यस स्थानको एक अद्‌भूत कुरा के रहेछ भने जति मानिसहरू आएता पनि त्यतिस्यानो चुचुरोमा अटाउँदा रहेछन् । अर्को अद्‌भूत कुरा चाहिं सो पाहाडको छाया आकाशैमा देखिदो रहेछ । त्यहाँ माथि तीर्थ-यात्रीहरू यत्र तत्र खुला ठाउँमा र शालामा बसिरहेका थिए । त्यहाँ बस्ने भिक्षुहरूसँग कुराकानी गरी मैत्रीज्यूले हामीहरूको निमित्त एक कोठा उपलब्ध गराइदिनु भएकोले हामी कोठा-भित्र बस्न पायौं । अनि आफूले तयार गरी लगेको रात्री खाना खाई रात बितायौं ।

Downloaded from http://dhamma.digital/

## चैत्र २५ गते शुक्रबार

आज विहान सबेरै उज्यालो नहुँदै पुनः श्रीपादमा पूजापाठ गरी बिहानको ४ बजे नै हामीहरू तल ओर्लिन थाल्यौं र ३ घण्टामा तल मोटर राखेको ठाउँमा आइपुग्यौं ।

चुचुरोबाट ओर्लिने बेलामै मेरो चप्पलले धोकादिन सक्छ भन्ने मेरो मनमा शंका लागेको थियो । नभन्दै खुड्किलाबाट ओर्लिना आर्लिन्दै ढुंगा वछ्याएको गोरेटो बाटोमा के पुगेको थिएँ मेरो चप्पल चुँडि हाल्यो र म लडन गएँ । यतिञ्जेल पछिल्तिर आइरहेको एक पुरुषले मलाई उठाउन आयो । तर म आफै उठी फेरि बिस्तार बिस्तारै गरी नांगा खुट्टाले हिडन थालें । म नागो खुट्टाले हिडिरहेको हेर्न नसकी दिदी चिनियादेवीले मलाई वहाँको चप्पल दिनुभयो र हामी दुबैले पालो पालो गरी चप्पल लगायौं । श्रीपाद उक्लने बाटोको शुरूमै केही वर्ष अघि मात्र जापानका निच्चिदात्सु फुजि गुरूले बनाएको शान्ति स्तूपमा पुनः पूजापाठगरी जलपान पनि गरी हामीहरू पुनः कोलम्बो जानको लागि बिहानको ८ बजे प्रस्थान गऱ्यौं । उक्त शान्तिस्तूपको चारैतिर ३२ वटा डेढ दुइ फुट जतिका बुद्धमूर्तिहरू स्तूपका खोपाहरूमा राखेका छन् । बाटामा एक होटलमा दिवा भोजन गरी मध्यान्हपछि कोलम्बो भन्दा अलि यतातिर पर्ने महरगम भन्ने नगरमा श्रद्धेय मध्रिहे पञ्ञासीह महानायक महास्थविरज्यूद्वारा स्थापित भिक्षु ट्रेनिंग सेन्टरमा आइपुग्यौं र वहाँ महास्थ-

Downloaded from http://dhamma.digital/

विरज्यूसँग भेटी भिक्षु केन्द्रको अवलोकन गर्‍यौं । त्यस केन्द्रमा हाल करीब ४० जना भिक्षुहरू बस्दा रहेछन् । त्यहाँ एक सुन्दर चैत्य, बोधिवृक्ष, धर्मदेशना गर्ने शाला, बनाउँदै रहेको बुद्धमन्दिर, सन्डे स्कूलको भवन, भिक्षुहरू बस्ने दुइतले दुइनाले चारपाटे भवन, ध्यानगर्ने कुटीहरू र पञ्ञासीह महास्थविरज्यूका गुरू हुनु भएका स्वर्गीय प्यालेने वजिरञाण महानायक महास्थविरको एक प्रतिमा गृह पनि छन् । यति हेरिसके पछि आफ्नो डेरा 'यमुना' मा आयौं । हुनत त्यसबखत दिउसोको ३ मात्र बजेको थियो तर त्यसपछि हामी कतै बाहिर नगई डेरैमा आराम लियौं ।

जब हामीहरू बेलैमा डेरामा फर्कन्छौं तब हामीहरू आफ्नो कोठामा बसी ज्ञानमाला भजन आदि मुखमा जे जे आउँछ ती ती गाई समय बिताउँदथ्यौं । आज पनि हामीले त्यस्तै गरी समय बिताउन थाल्यौं । एक दिनको कुरा हो घरपत्नी श्रीरंजितज्यू यसो बरेन्दातिर जांदा हामीहरू कोठामा गीत गाइरहेको सुनेर एउटा खैंजेडी ल्याइदिनु भयो । हामी त लाजले भुतुक्क भयौं । वहाँ चाहिं अति ख्याली र उपद्रचा हुनुहुन्छ ।

## चैत्र २६ गते शनिबार

आज कहीं बाहिर नजाने भन्ने विचारले मैत्रीज्यूले मोटर ल्याउन पर्दैन भनी ड्राइभरलाई भन्नु भएको रहेछ । घरमा बसिरहेका हामीहरूलाई केगरौं केगरौं जस्तो लागी

Downloaded from http://dhamma.digital/

उकुस मुकुस हुनथाल्यो । अनि हामीले मैत्रीज्यूलाई "कहीं कतै बाहिर जानुपर्ला घरमा त्यसै बस्न त सकिन्न" भने पछि वहाँले "त्यसोभए आज पैदल र बसमा बसी घुम्ने" भनी सबै घरबाट बाहिर निस्क्यौं । केही दूरसम्म पैदल गइसकेपछि बसमा बस्ने भन्ने विचारले हामी टक टक घाममा बस कुरिरह्यौं । आए आएका बसमा मानिसहरू भरिभराऊ देखेर बस भित्र पस्न हामीलाई हिम्मत भएन । पछि गएर लाचार भएर एक बसमा चढी कोलम्बोको म्यूजियम अगाडि ओर्ल्यौं । संयोगवश शनिबार भएको हुँदा म्यूजियम बन्द रहेछ । लंकामा शनिबार र आइतबारका दिन बिदा रहेछ । हामी सबै सारै थाकिसकेका थियौं । एक त हिडनुपरेको हुँदा अर्को आफू जाने दिशातिरको बस समयमा नपाउँदा । यति मात्र होइन टक टक घाममा उभिइरहनु परेकोहुदा आँगमा खल खल पछिनाले चुर भएको थियो । यो देखेर हाम्रा मार्गदेशक हुनु भएका मैत्रीज्यूको मनमा कस्तो लाग्यो कुन्नि "आफ्नै मोटर नहुँदा यात्रा गर्न कति अपठेरो हुँदो रहेछ त !" भनी टोक्नु भयो । त्यतिख्यर हामीले पनि महसूस गर्‍यौं कि आफ्नै गाडी नहुँदा यात्रा गर्न कति गहारो हुँदो रहेछ । त्यसपछि हाम्रो दशा देखेर "तिमीहरू यहीं वसिरहनू म मोटर लिएर आउनेछु" भनी वहाँ एक टयाक्सीमा बसेर आफ्नो ट्रैभल एजेन्टकहाँ जानुभयो शनिबार भएको हुँदा समयमै ट्रैभल एजेन्टको कार्यालयमा सम्बन्धित मानिस भेट नभएकोले अबेर हुने कुरा थाहापाउनुभई फेरी हामी आत्तिएलान् भन्ने विचारगरी

Downloaded from http://dhamma.digital/

वहाँले तुरन्तै आफू बसेर थएको टचाक्सीलाई फर्काई "हामी-लाई लिएर आउनू" भनी ड्राइभरलाई भनी पठाउनु भयो। हामी उभिइरहेको ठाउँमा आई सो टचाक्सी ड्राइभरले "हामुदुरूले तपाइँहरूलाई लिएर आउनू भन्नु भएको छ" भनी सिंहल भाषामा भन्यो। हामी बरो अक्मकिन थाल्यौं। 'हामुदुरू' भन्ने शब्द बाहेक अरू कुरा हामीले केही पनि बुझ्न सकेनौं। लंका भाषामा भिक्षुहरूलाई 'हामुदुरू' भन्ने कुरा चाहिं हामीले जानि सकेका थियौं। ड्राइभरको कुराकानीको ढाँचाकाँचाले चाहिं हामीले उसले भनेको कुराको आशय बुझ्यौं। तर मनमा चाहिं 'हो कि होइन' भन्ने जस्ता कुराले एकछिन त हामीलाई अलमल्यायो। ड्राइभरले दुइ तीन पटक भनेपछि अन्तमा हामी आपसमा कुराकानी गरी हामी ३।४ जना छँदैछौं जेहोस् जानैपर्‍यो भनी हामी टचाक्सीमा बसेर आयौं। मैत्रीज्यू हाम्रो प्रतीक्षामा वरेन्डामा उभिइ हेरिरहनु भएको थियो। हामी पुग्ने बित्तिकै वहाँ तल ओर्लनु भयो। अनि बल्ल सांस फेरी वहाँलाई भन्यौं "ड्राइभर आएर लिन आउँदा हामी दोधारमा परेका थियौं। होकि होइन भन्ने जस्ता कुराले हामीलाई डर लागेको थियो। दुइ शब्द लेखी ड्राइभरको हातमा पठाउनु भएको भए हामी ढुक्क हुने थियौं।" वहाँले यस कुरालाई स्वीकार्नु भई "हो, हडबडमा लेखेर पठाउन बिर्सें" भनी भन्नुभयो। एकछिन पछि हामीले लिइराखेको गाडी आएपछि सबै गाडीमा बसी आरामसाथ फेरी घुम्नगयौं र दिवाभोजनको लागि मैत्रीज्यूको एक

Downloaded from http://dhamma.digital/

दाताकहाँ निम्तो भएको हुँदा त्यहाँ गयौं । त्यसपछि डच्यूटिफ्री पसलमा गयौं । पसलभित्र पस्नको लागि २५ रुपैयाँको प्रवेशपत्र लिनुपर्छ । मेरो चाहिं केही किनमेल गर्ने काम नभएकोले भित्र नपस्ने विचार गरेको थिएँ । तर किनमेल गर्न न परेता पनि पसलहरू हेर्न हुन्छ नि भनी साथीहरूले भनेको हुँदा फेरि भित्रपसें । अनि हामीहरूमध्येमा कसैले क्यासेट सहितको रेडिओ र कसैले घडीहरू लिए । सबैभन्दा ठूलो रेडिओ चाहिं दिदीले लिनुभएको थियो । किन्तु दिदीले आफूले खरीद गरेको रेडिओ न लिई त्यसै आउनु भयो । पछि सिक्यूरिटिका एक जना मानिस आई रेडिओ दिनल्यायो । त्यहाँबाट हामीहरू मालिगाकण्ड रोडस्थित स्वर्गीय अनगारिक धर्मपालद्वारा स्थापित श्रीलंका महाबोधि सोसाइटीको प्रधान केन्द्रमा गयौं । त्यहाँ बुद्धका अग्रश्रावक सारिपुत्र र महामौद्गल्यायन स्थविरहरूका भारतको साँचो स्तूपमा पाएको अस्थिधातुको केही भाग राखिएको "अग्रश्रावक विहार" मा गयौं । त्यहाँ ध्यानमुद्राको भव्य बुद्धमूर्तिको दाँया र बाँयामा हातजोरी उभिइरहेका सारिपुत्र र महामौद्गल्यायनहरूका मूर्तिहरू भयको ठाउँमा पूजापाठ गऱ्यौं । त्यस बखत त्यहाँ केही महीना अघि मात्र काठमाडौंमा जानुभएका लंडन बुद्धिष्ट विहारमा बस्ने डा० हम्बलवे सद्धातिस्स महास्थविर पनि हुनुहुन्थ्यो । वहाँ धेरै वर्षसम्म भारतमा बसिसक्नु भएको हुँदा हिन्दी कुरा गर्नुहुन्थ्यो । वहाँसंग केहीछिनसम्म हिन्दीमा कुशलक्षेम कुराकानी भयो । वहाँसँग हिन्दीमा कुरागर्न पाउंदा

Downloaded from http://dhamma.digital/

हामीलाई धेरै खुशी लाग्यो । किनभने अरू ठाउँहरूमा हामी कसैसँग कुरागर्न सक्दैनथ्यौं । किनभने हामी अंग्रेजी भाषा जान्दैनथ्यौं । जम्मै कुराकानी मैत्रीज्यूको माध्यमद्वारा मात्र हुन सक्थ्यो । त्यसपछि हामी कोलम्बो शहर भित्रका कोटहेन भन्ने ठाउँको दीपदुत्तमाराम, पुंचि बोरेल्ल भन्ने ठाउँको गौतमी विहार र पंचिकावत्ते भन्ने ठाउँको जय सेकराराम विहार पनि हेर्न गयौं । त्यसपछि डेरामा फर्क्यौं ।

## चैत्र २७ गते आइतबार

आज चाहिं श्रीलंकाको दक्षिणदिशातिरको भ्रमण गर्ने कार्यक्रम थियो । त्यसैले बिहान सवेरै उठी नुहाइ धुवाइ गरी ६।३० बजे हामी मातर भन्ने शहरतिर प्रस्थान गर्‍यौं । मातर जाने प्रमुख बाटाका बीचमा पर्ने रत्मलान भन्ने ठाउँ नजिकैको 'करगम्पिटिय' भन्ने नामले चिनिने एक पुरानो विहार हेर्न गयौं । त्यहाँको प्रांगणमा एक ठुलो बोधिवृक्ष थियो । विश्वन्तर जातकका केही कथाको दृश्यहरू मूर्तिका रूपहरूद्वारा प्रस्तुत गरिएको कक्ष बडो आकर्षक र हृदयस्पर्शि थियो । त्यहाँ श्रीपादको नक्सा पनि बनाइराखेको छ । सबभन्दा आकर्षक त त्यस विहारको प्रमुख मन्दिर भित्रको लेटिरहेको विशाल बुद्धरूप थियो । हुनत लंकाका जुनसकै विहारमा पनि कतै लेटिरहेको बुद्धरूप छ भने कतै बसेको र उभिइरहेका बुद्धरूपहरू एकसे एक आकर्षक छन् । तर यस विहारमा लेटि-रहेको बुद्धरूपमा चाहिं अन्त कतै न देखिएको र नभएको एक

Downloaded from http://dhamma.digital/

अद्‌भूत दृश्य थियो । त्यो हो सो मूर्तिको आँखा । साँच्चैकै जिउँदो मानिसहरूको आँखा थियो । मूर्ति भएको कोठा पुरानो जमानामा बनाइएको हुंदा कोठा अँध्यारो थियो र बिजुलीबत्ती न बालिकन केही देखिन्नथ्यो अनि बालिराखेको बिजुली बत्ती निभाई पालामा दियो बाली मूर्तिको नजिक राख्दा लेटिरहनु भएको बुद्धमूर्तिका आँखाले हामीलाई हेरिरहेको जस्तो देखिन्थ्यो । त्यति मात्र होइन साँच्चैकै जिउँदो बुद्ध जस्तै लाग्थ्यो र मुसु मुसु हसिलो मुख भएको त्यस मूर्तिले हामीसँग कुरा गर्छकि भन्ने जस्तो लागी आँग जिरिङ्ग भएको अनुभूति भएको थियो । यस मूर्तिको दर्शन पाएर हामी सबै यति रोमाञ्चित भयौं कि जुन कुरा म यस क्षुद्र कलमले व्यक्तगर्न सक्दिन । त्यस किसिमको बुद्धरूप चाहिं मैले न त बर्मामा देखें न त थाइलैण्डमा ।

त्यसपछि बाटाका नगरहरू पानादुर, वाद्दुव, वास्क-दुव काटेर कलुतर भन्ने एक ठूलो नगरमा आइपुग्यौं । त्यहाँ शहर नजिकै कलुगंगा (कालोगंगा) भन्ने नदी बघिरहेको छ । यस गंगाको पुल पार हुने बित्तिकै कलुतर नगर आइपुग्छ । यस पुल पार गर्नासाथ सडकको दाहिनेतिर लंकामा बडो प्रभावशाली मानिने झ्वाम्म परेको एक ठूलो बोधिवृक्ष छ । सडकको दाँयापट्टि यो वृक्ष छ भने ठीक यसको पारिपट्टि अर्थात् सडकको देब्रेपट्टि केहीवर्ष अघि मात्र तयार गरिएको 'कलुतर बोधि चैत्य' भन्ने नाम गरिएको विशाल चैत्य छ । यस चैत्य भित्र चारैतिर ठिक ठिक साइजका बुद्धमूर्तिहरू

Downloaded from http://dhamma.digital/

राखिएका छन् र अरू पनि अनेक किसिमका सजावटहरू छन् । यति हेरिसकेपछि हामी पुनः समुद्रको किनारै किनारको बाटोभई बीच बीचमा पर्ने पयागल, बेरुवेल र अलुतगम काटी बेन्टोट भन्ने शहरमा आइपुग्यौं र त्यहाँ भएको 'बेन्टोट रज-महाविहार' को दर्शनगरी अम्बलंगोड, हिक्कडुव, दोदन्दुव, गाल्ले, अहंगम, वेलिगम आदि प्रमुख नगरहरू पारगरी कोलम्बोबाट १६० किलोमिटर ठाढा पर्ने दक्षिण प्रदेशको प्रमुख शहर मातर भन्ने ठाउँमा दिनको ११ बजे आइपुग्यौं । यो दक्षिण प्रदेशमा बुद्धधर्मको प्रचार मात्र होइन लंकाका धेरैजसो नामी विद्वान भिक्षुहरू दक्षिण प्रदेशबाटनै थिए भन्ने कुरा पनि सुन्न पायौं । यस नगरमा कोलम्बो, महरगमस्थित भिक्षु ट्रेनिंग सेन्टरको एक शाखा पनि रहेछ । त्यसैले हामी सर्वप्रथम त्यहाँ गयौं र चियापानद्वारा संग्रह पाएपछि मातरबाट करीब ५ किलोमिटर जति पर वेहलगोड भन्ने ठाउँमा स्थित करीब २००० वर्ष पुरानो 'वेहेरहेन' पूर्वाराम रजमहाविहारमा गयौं । सो रजमहाविहारमा आजको स्थितिमा संवर्धन गर्नुमा करीब २० वर्ष अघि विहाराधिपति स्थविरले प्रारम्भ गर्नु भएको रहेछ ।

हाल यस 'वेहेरहेन' भन्ने रजमहाविहारको बाहिर खुला ठाउँमा १३२ फीट उचाइ भएको ध्यानमुद्राको बुद्धमूर्ति छ । यस मूर्तिको तीनैतिर पाँचतले भवन बनाइएको छ । यो भवनको माथि अरू थप गर्ने कार्यक्रम भएको जस्तो लाग्छ । किनभने काम पूरा नभएको त्यस भवनबाट थाहा पाइन्छ ।

Downloaded from http://dhamma.digital/

यस भवनको पाँचतलेबाट बुद्धमूर्तिको टाउकोमा हातले छुन सकिन्छ । हामीले सोहि टाउकोनिर उभिइएर एक फोटो पनि खिच्यौं । सो भवनको सारा ठाउँमा ५५० जातकका कुराहरू चित्रको रूपमा उल्लेख भएको पनि देख्यौं । ती चित्रहरू देखाउँदै जातकका कुराहरू सुनाउँदै मैत्रीज्यू जानु भयो र हामी सुन्दै गयौं । एक घण्टा भन्दा बढता समयसम्म त्यसैमा मग्न भयौं । त्यहाँ एउटा आश्चर्य लाग्ने कुरा यो थियो कि जहाँबाट पैसा खसाले पनि सो गएर एउटै ठाउँमा पुग्छ । त्यसको जमिनमनि अनेक प्रकारले गल्लीहरू बनाई त्यहाँ भित्ताहरूमा अनेक बुद्धजीवनी र २४ बुद्धका चित्रहरू उल्लेख गरेका छन् । जमिनमनिको ठाउँ भएको हुँदा जहिले पनि बिजुलीबत्ती बालि राखेको छ । अनि यताको गल्लीबाट उता र उताको गल्लीबाट यता घुम्दै एक एक चित्रमा उल्लिखित कथाको वर्णन सुन्दै अनेक मूर्तिहरूको कुरा सुन्दा सुन्दै सारादिन त्यहीं बित्यो । हेर्दा हेर्दै समय बितेको पनि हामीलाई थाहा भएन । जति हेर्दै गयौं उति हामीमा उत्साह बढदै गयो । लाग्थ्यो कि हामी-हरू बुद्धका समक्ष बुद्धको छत्र छायामा बसी वहाँको श्रीमुखबाट कथाहरू सुनिरहेकाछौं । त्यस बखतको हामीहरूको शारीरिक र मानसिक प्रीति अवर्णनीय थियो र थकावट भनेको कत्ति पनि महसूस भएको थिएन । यति हेर्ने र सुन्ने कुरा थियो कि भनेर साध्यै छैन । हुँदा हुदा साँझ पख हुन थालेपछि हामीहरू त्यहाँबाट नजिक पर्ने 'पोलहेन' भन्ने ठाउँको नजिकबाट समुद्रको दृश्य सारै राम्रो देखिन्छ भन्ने कुरा सुनेर हामीहरू समुद्रहेर्न

Downloaded from http://dhamma.digital/

गयौं । साथमा त्यस 'वेहेरहेन' विहारका भिक्षुहरू पनि थिए । समुद्रमा जाने बाटाको बीचमा कोलम्बो रेडिओ स्टेशनको एक शाखा स्टेशन रहेछ । हामी त्यहाँ हेरी समुद्रमा पुगेपछि हामी-सँग गएका केही मानिसहरू समुद्रमा नुहाउन थाले । हामी चाहिं उनीहरू नुहाएको हेरी समुद्रको पानी हातमा खेलाउँदै बस्यौं । त्यसबखत मेरो मनमा अहो संसार ! सागर जस्तै छ भनेको त्यसैले होला ! किन भने समुद्रको वार पार कतैबाट देखिन्न थियो र अपार पानी पानी मात्र देखिन्थ्यो । समुद्रको पानी नुनिलो हुन्छ भन्ने कुराको प्रत्यक्ष अनुभव पनि गरें । समुद्रबाट फर्केर आउँदा कुनै एक घरमा मानिस मरेको रहेछ । अनि मैत्रीज्यूले "मरेको घरमा हेर्न जान्छौ के ?" भनी सोध्नु भयो । हामीले "जान्छौं" भनेपछि हामीलाई त्यहाँ लैजानु भयो । हाम्रो नेपालमा भए अन्धविश्वासले गर्दा अरू मरेको अर्काको घरमा जानु कस्तो कस्तो सम्झन्छन् । यस्तो जानेलाई नेवारीमा 'बिचा वनेगु' भन्छन् अर्थात् समवेदना प्रकट गर्न जाने भनेको हो । जस्तो हाम्रो देशमा मरेकाको घरमा जाँदा अशुद्ध हुन्छ भन्ने ठानी घर फर्केर हातखुट्टा मुख धुन्छन् त्यस्तो भावना यहाँ छैन । बरु मरेकाको घरमा आउनेहरूलाई आ-आफ्नो गच्छे अनुसार चियापान, शीतलपान आदिद्वारा संग्रह पनि गर्ने रहेछ । दलानमा भरिभराउ गरी कुर्चिहरू राखेका थिए । मृतशरीरलाई मरेकाले पहिनै लुगा लगाएको थियो । कोट पनि लगाएको थियो । सफा सुग्धर पारी मुखमा पाउडर लगाई मुख देखाइ एउटा पेटीमा राखेको थियो । सो पेटी एक

Downloaded from http://dhamma.digital/

अग्लो ठाउँमा राखेको थियो। यस पेटीको यत्र तत्र सेता कपडाका फूलहरू वनाई सजाएको थियो। सिरानतिर र खुट्टा-निर ठूला ठूला पानसमा दियो बलिराखेका थिए। कसैले मृतशरीरलाई पंखा हम्कदै थियो। समवेदना प्रकट गर्न आउने मानिसहरू मध्ये कसैले फूलका गुच्छाहरू, कसैले मालाहरू र कसैले फूलका चक्काहरू ल्याई मृतशरीर राखेको पेटीमा राख्थे। नेपालमा झैं जातिभेद नभएको हुँनाले बौद्ध संस्कृति अनुसार हामी पनि त्यहाँगई बसी फर्केर आयौं। यतिञ्जेल रात परि सकेको थियो। श्रीलंकामा कुनै पनि मानिस मर्दा तुरन्तै २४ घण्टा भित्र मसानमा लैजानु पर्छ भन्ने चलन रहेन छ। बरू आ-आफ्नो इच्छा अनुसार कसैले दुइदिन कसैले ३।४ दिन पछि मात्र मसानमा लगी कसैले गाडछन् भने कसैले पोल्दा रहेछन्। अनि त्यहाँबाट फर्कंदा मातर शहरको बजार हेर्दै पुनः उपरोक्त 'वेहेरहेन' महाविहारमा फर्क्यौं र होटलबाट ल्याएको रात्रीको खाना खाई उहीं बास बस्यौं। लंकामा पुगेपछि लंकाका भिक्षुहरूलाई एक पटक भोजन दानदिने हामी सबैको इच्छा थियो। तर कहीं पनि मौका भेट्टाउन सकेका थिएनौं। अतः हामीले त्यहाँका भिक्षुहरूलाई भोजन गराउने सलाह गरेर हामी सबैले शय शय रूपैयाँ उठाई स्थानीय अधिकारी भिक्षुज्यूलाई चढायौं। हाम्री दिदीले चाहिं पचास पचास मात्र दिए पुग्छ भन्दै हुनुहुन्थ्यो।

## चैत्र २८ गते सोमबार

आज विहान सबेरै चियापानपछि तिस्समहाराम

Downloaded from http://dhamma.digital/

भन्ने प्राचीन स्थान हेरी मातरबाट १६८ किलोमिटर टाढा पर्ने रत्नपुर भन्ने नगरमा जाने कार्यक्रम थियो । त्यसैले ह्रामी यथा समयमै तयार भयौं । अनि बाटाका बीचमा पर्ने मातर भन्दा १०।१२ किलोमिटर पर 'वेहेरहेन' मा जस्तै खुल्ला प्रांगणमा बनाइएको ३०० वर्ष जति पुरानो 'वेवरुकन्नल' भन्ने विहारस्थानमा गयौं । यहाँको खुल्ला प्रांगणमा बनाइएको १५० फीट अग्लो विशाल बुद्धमूर्तिको पछाडि होचो होचो भएको १० तले भवन छ । जसमाथि गएर बुद्धको टाउकोसम्म पुग्न सक्छ । यस बुद्धरूपको टाउकोको पछाडि पट्टि सारा त्रिपिटक तालपत्रमा लेखी बट्टामा ह्रालो शीरभित्र राखेको छ । यहाँ पनि जमिनमनि अनेक चित्रहरू उल्लेख गरेको ठाउँछ । प्रांगणको एकापट्टि बुद्धकालमा बुद्धप्रति अत्याचार गरी नरकमा गएकाहरूका मूर्तिहरूले आकर्षित पारेका छन् । यस विहारमा सर्वज्ञ धातुहरू ८० वटा र अरहन्तका धातुहरू ४२० वटा छन् भनी भन्दछन् । यहाँ एक पुरानो तथा श्रीलंकामा सबभन्दा ठूलो तथा अघि एक कैदीले बनाएको बिशाल टावर घडी छ र जो आजसम्म पनि चल्दछ । त्यसपछि अगाडि यात्रा गर्दै 'देउन्दर' (=देवनगर) नगर स्थित देउन्दर रजमहाबिहार हेरी अगाडि बढ्यौं र लंकाको सुप्रसिद्ध कतरगम देवालय भएको कतरगम भन्ने ठाउँमा पुग्यौं । यो स्थानमा एक ठूलो भग्नावशेष चैत्य छ र जुन चैत्य २५०० वर्ष अघि महासेन भन्ने राजाले बुद्ध भगवान् तेश्रोपटक लंकामा आउनुहुँदा एक-छिन समापत्तिमा बस्नु भएको ठाउँमा बनाएको रहेछ । यो

Downloaded from http://dhamma.digital/

चैत्यको माथिल्लो भाग भट्केको छ र गोलाइ चाहिं ३०० फीट रहेछ। यस चैत्यभित्र भगवान् बस्नु भएको आसन, भगवान्को केशधातु, सिद्धार्थ कुमार बोधिसत्वले आफ्नो केश काट्नु भएको खड्ग रहेछ। यस स्तूपलाई 'कतरगम किरिवेहेर' भन्दारहेछन्। त्यसपछि कोलम्बोबाट करीब ४०० किलोमिटर टाढापर्ने हम्बन्तोट जिल्लामास्थित भगवान्को कपाल धातु राखी बुद्धवर्ष ३१५ अर्थात ई. पू २२८ मा कावन्तिस्स राजाले आफ्नै नामले बनाएको 'तिस्समहाराम चैत्य' भएको ठाउँमा पुग्यौं। यो चैत्यको गोलाइ ५१४ फीट र उचाइ १८० फीट रहेछ। यस चैत्यको एक छेउमा एक बुद्धरूप छ। यस स्थानको एक आश्चर्य जनक कुरा चाहिं त्यस चैत्य नजिक चैत्यतिर झुकेको नीमको रूखका पातहरू तीतो छैन रे। यो चैत्य माथि केही वर्ष अघि मात्र कोलम्बोमा हामी डेरा गरी बसेका 'यमुना' भन्ने घरका मालिक श्रीरंजित श्रीनिश्शंक महाशयले लखौं रूपैयाँ खर्चगरी सम्पूर्ण चैत्यमाथि सेतो इनामेल लगाइदिनु भएको रहेछ। त्यहाँबाट हामी किरिन्दे भन्ने ठाउँमा गयौं। त्यहाँ 'विहारमहादेवी' भन्ने एक स्यानो ऐतिहासिक चैत्य हेरी अघि भने जस्तै रत्नपुरको लागि प्रस्थान गऱ्यौं। कोलम्बोबाट १०१ किलोमिटर टाढा पर्ने काठमाडौं जस्तै चारैतिरबाट पाहाडले घेरिएको यस रत्नपुर नगरमा हामी राती पुग्यौं। जुनसुकै पाहाडका ढुंगाहरू फोर्दा पनि माणिकहरू पाउने हुँदा यस नगरको नाम नै रत्नपुर भन्ने रहन गएको रहेछ। हालसम्म पनि यस नगरमा धेरै रत्नहरू

Downloaded from http://dhamma.digital/

निकाल्ने कम्पनीहरू छन् । रत्न माणिक आदि किन्नको निमित्त धेरै विदेशी व्यापारीहरू यस नगरमा आउँदा रहेछन् । हामी-सँग आउनु भएका शान्त बज्राचार्य पनि विद्योदयमा बस्ने एक श्रामणेर साथमा लिई पहिले नै उपरोक्त उद्देश्य लिई आइसक्नु भएको रहेछ । रत्नपुर शहरमा पुगेपछि नेपाली श्रामणेरहरू बसेका 'धर्मशाला' भन्ने परिवेणमा गयौं । यहाँ नेपालका चारजना श्रामणेरहरू बस्नु भएको रहेछ। त्यहाँ पुग्दा रातको ८ बजिसकेको थियो । हामीलाई देखेर वहाँहरू सारै खुशी हुनुभयो र हामीलाई पनि खुशीलाग्यो । अनि वहाँहरूले सर्वप्रथम हामीलाई नुहाउने धुवाउने ठाउँ र पाइखाना देखाइदिनु भयो । अनि हामीहरू बस्नको निमित्त वहाँहरूले तुरन्त एक कोठा खालि गरिदिनुभयो । त्यस परिवेणका प्रमुख महास्थविरको नाम चाहिं यसस्सी महास्थविर रहेछ। वहाँ हाल श्री पादका नायक पनि हुनुहुँदो रहेछ । अनि दिसापिसाब गरी हातमुख धोइसकेपछि होटलबाट ल्याउन लगाएको रातको खाना खाइसकेपछि हामीलाई टेलिभिजन देखाउने कोठामा लैजानुभयो र रातको १० बजेसम्म टेलिभिजन हेर्‍यौं । त्यसपछि विश्राम गर्‍यौं ।

## चैत्र २९ गते मंगलवार

आज बिहान सवेरै नुहाइधुवाइ गरिसकेपछि हामी-हरूलाई त्यहींका भिक्षुज्यूहरूले जलपान गराउनुभयो । माथि उल्लेख गरेझैं यो नगर रत्नहरूको खानी भएकोहुँदा हामी

Downloaded from http://dhamma.digital/

रत्न निकाल्ने ढुंगा राखेको म्यूजियम हेर्नगयौं र त्यसपछि स्थानीय दुइचारवटा विहारहरू पनि हेर्नगयौं । शहरको एउटा डाँडामाथि हालै मात्र बनाइएको अवुकनको बुद्धरूप जस्तै उभिइरहेको बुद्धरूप पनि हेर्नगयौं । त्यसपछि विहारवासी भिक्षुहरूसँग विदावादी लिई हामी ८।३० बजे कोलम्बोको लागि प्रस्थान गर्‍यौं । बाटोका एक होटलमा खाना खाई दिउसोको १।३० बजे हामी आफ्नो डेरा कोलम्बोमा आइ-पुग्यौं । त्यसपछि हामी डेरामै आराम लिएर बस्यौं । हाम्रा डेराका मालिक श्री रंजितज्यूले नेपाली खाना मिठो लाग्छ भन्ने कुरा सुनेर हाम्री भाउजू, दिदी र भिक्षुज्यू तरकारी किन्न भनी तरकारी पसलतिर जानुभयो । हामीलाई त्यहाँको तरकारीहरूको भाउ पनि थाहा थिएन । अतः वहाँहरू घुम्दै फिर्दै पैदल नै तरकारी पसलतिर जानुभयो । घण्टौं पछि मझ्यौला खालको एउटा काउलीको २५ रुपैयाँ तिरी ट्याक्सीमा बसी आउनुभयो । एउटा काउलीको २५ रुपैयाँ परेको भए ट्याक्सी भाडा ५० रुपैयाँ तिर्नुपर्दा वहाँहरू तिनछक पर्नुभयो । यसबाट हामीले बुझ्यौं कि त्यहाँ कति महंगो रहेछ ।

## चैत्र ३० गते बुधबार

आज बिहानभर घरमै बस्यौं । दिवा भोजनपछि कोलम्बो शहर भित्रका दुइ चारवटा हेर्न लायक ठाउँहरू हेर्नगयौं । त्यसपछि "दास" भन्ने पसलतिर गयौं । यो पसल हाम्रो काठमाडौंको विशाल वजार जस्तै रहेछ भने पनि हुन्छ ।

Downloaded from http://dhamma.digital/

पसलभित्र परिभोग गर्ने सबै सामानहरू उपलब्ध छन् । अब के थियो र स्त्रीजाति भएको नाताले हामीहरूका आँखा सब भन्दा पहिले सारीहरू भएको ठाउँमा आकर्षित भयो । यो पसलमा सबैका सबै स्त्रीहरू मात्र छन् । हामीहरू विदेशी भन्ने चालपाई सारी पसलमा बस्ने महिलाले एक से एक सारी देखाइन् । यस पसलमा मोलतोल हुँदो रहेनछ । सबै वस्तुहरूको मोल वस्तुमै लेखेको हुँदो रहेछ । तर नेपालीको मन मोलतोल नगरी किन चित्तबुझ्थ्यो र ! त्यसैले हाम्रा मार्गदर्शक हुनु भएका मैत्रीज्यू मार्फत मोलतोल गर्न लगायौं । बडो मुसकिलले हामीले लिने सारीमा १०।१० रुपैयाँ कम गराउन सफल भयौं । तर अरू वस्तुहरूमा भने केहि सिप लागेन । अनि हामीलाई नै लाज जस्तो लाग्यो । अनि मोलतोल गर्न छाड्यौं। सारीको अलावा अरू स्यानातिना सामानहरू सबैले खरीद गऱ्यौं । २ घण्टा पछि पसलबाट बाहिर निस्क्यौं र सीधा डेरामा फर्क्यौं । हामीसंग आउनु भएका पाटनका श्री शान्त वज्राचार्य गर्मीले गर्दा बस्नु नसकेको मात्र होइन वहाँको आङ्-भरी खटिरा निस्केको हुँदा आजको प्लेनबाट काठमाडौं फर्कनु भयो ।

## २०४० साल बैशाख १ गते बिहिबार

आज २०४० साल बैशाख १ गते थियो । आजकै दिन लंकावासीहरूको पनि सम्बत् फेर्ने नयाँ दिन रहेछ । आज ई. सं. १९८३ अप्रेलको १४ तारिख हो । यो नयाँ वर्षमा

Downloaded from http://dhamma.digital/

लंकावासीहरू धुमधामसँग चाड मनाउँदा रहेछन् । आज समस्त लंकामा विदा थियो । विदा मात्र होइन पसलहरू पनि बन्दाबन्दी थिए । मानिसहरू चामलको पीठोले बनाएको 'क्याउँ' भन्ने (हाम्रोदेशमा भए माल्पुवा जस्तै) र 'किरिबत्' भन्ने नरिवलको दूधमा पकाएको बर्फी रोटी जस्तै टुक्रा टुक्रा पारी बनाएको यो किरिबत् सबै इष्टमित्रहरूलाई खुआउँदा रहेछन् । यसको अलावा नववर्षको सुभकामनाको रूपमा आफू भन्दा ठूला गण्यमान्य तथा गुरूजनहरूलाई पानका पात-हरूको एक मुठामा सूर्तिको पात राखी नेपालमा भए टीका लगाउने जस्तै चढाउँदा रहेछन् । अतः हामीले पनि मैत्रीज्यूका गुरू हुनुभएका श्रीलंका विद्यालयका अधिपति श्री रामञ्ञ निकायका अनुनायक हुनु भएका श्रद्धेय बद्देगम विमलवंश महास्थविरकहाँ गई मैत्रीज्यूका साथ हामीले पनि उपर्युक्ता-कारले पान चढायौं । मैत्रीज्यूले त वहाँका अरू अरू गुरूजन-हरूलाई पनि पान चढाउनु भयो । त्यसपछि जापानी सहयोगद्वारा बनिरहेको राष्ट्रपति भवन हेर्नगयौं । त्यसपछि अघि नहेरेको कोलम्बो शहर भित्रका अरू विहारहरू पनि हेर्नगयौं र साँझपख डेरामा फर्केर आयौं ।

## बैशाख २ गते शुक्रबार

आज जलपानपछि ८ बजेतिर हामी पुनः बम्बलपिटि-यको वरिरामामा गई नारद महास्थविरको दर्शनगर्‍यौं । वहाँ वजिरारामका अधिपति हुनुहुन्छ । हामी जाँदा वहाँ त्यसै

Downloaded from http://dhamma.digital/

बसिरहनु भएको थियो । हामीसँग दुइचारवटा कुरा गर्नुभई हामी सबैलाई वजिरारामको प्रांगणमा रहेको चैत्य अगाडि उभिई खिच्नु भएको वहाँको तस्वीर एक एकवटा दिनुभयो । अनि वहाँसँग बिदालिई मोटरमा बसिसकेका थियौं । यतिञ्जेल मैत्रीज्यूले फेरि हामीलाई बोलाउन पठाउनु भयो र हामी फेरि विहारभित्र गयौं । समय समयमा नेपाल जानु भएका श्रद्धेय पियदस्सी महास्थविर त्यस बखत आफ्नो कोठैमा हुनुहुँदो रहेछ । अनि वहाँले हामीहरूसँग केही केही हिन्दी भाषामा कुरागर्दा हामीहरू पाल्पा तान्सेनका ह्वौं भन्ने थाहा पाउनु भई "म पनि पाल्पामा दुइचोटि पुगेको छु" भनी भन्नुभयो अनि मैले "तपाइँ पाल्पामा आउनुभयो भन्ने कुरा त मैले सुनेको थिएँ तर भेट भने गर्न सकेको थिइन । आज तपाइँसँग भेटन पाउँदा सारै खुशी लाग्यो" भनी वन्दना गरी हामी विदा भएर आयौं । त्यसपछि एक होटलमा खाना खाई रहेको बेलामा पाल्पा तान्सेनको भिम्सेन्टोल- आनन्द विहारमा बस्नु हुने हाम्रा श्रद्धेय शाक्यानन्द महास्थविरज्यूले हामी लंका जाने भन्ने खबर सुनी वहाँले हामीलाई "लंकाबाट श्री शीवली अरहन्त महास्थविरका तस्बीरहरू जतिसक्यो उति ल्याउनू" भनी भन्नु भएको थियो । वहाँले यो पनि भन्नुभएको थियो "बौद्ध देशहरूमा विशेषगरी लंकादेशमा हाम्रो मुलुकमा लक्ष्मीको पूजा गरे जस्तै श्री शीवलीको पूजा गर्छन् । यसको पूजा गर्दा धनलाभ हुन्छ" भनी भन्नु भएको कुरा हामीले झसक्क सम्झयौं र दिवाभोजन सिद्धिएपछि हामी सो तस्बीर र अरू बुद्धजीवनी

Downloaded from http://dhamma.digital/

सम्बन्धी तस्वीरहरू लिने मनसाय गरी तस्वीर पसलतिर गयौं र केहीतस्बीरहरू किन्यौं पनि । त्यसपछि खिच्री मिच्री पसलमा गई लवाङ र सुकुमेल अलि अलि किन्यौं । यसपछि डेरा फर्की भोलि काठमाडौं फर्कने भएकोले आ-आफ्ना सरसामानहरू मिलाउन थाल्यौं । यतिञ्जेल श्रद्धेय मैत्रीज्यू आई लंका यात्रामा भएको खर्चको हिसाब सुनाई बाँकी भएको रूपैयाँमध्ये २५० का हिसाबले हामी चारजनालाई फर्काइ दिनु भयो । अनि हाम्री दिदी चिनियादेवी वज्राचार्य एकजनाले बाहेक हामी तीनजना– म, भाउजू र काठमाडौंकी साहुनीले सो रूपैयाँ हाम्रो लागि दुःख कष्ट गर्नु भएका मैत्रीज्यूलाई नै चढायौं ।

## बैशाख ३ गते विहिबार

आज बिहान सबेरै उठी नुहाइ धुवाइ गरी जलपान गऱ्यौं । १० बजेतिर खाना खाएर काठमाडौं फर्कनको निमित्त तमतयार भएर बस्यौं । ११ बजे कटुनायक एयरपोर्टको लागि प्रस्थान गऱ्यौं । ठीक एक घण्टापछि एयरपोर्ट पुग्यौं । नेपाली श्रामणेरहरू मध्येमा विद्योदयका यश भन्ने श्रामणेर एयरपोर्ट सम्म आई हामीलाई पुऱ्याउन आउनु भएको थियो । २ घण्टा जति एयरपोर्टमा बस्यौं र पासपोर्ट, कष्टम आदिको काम सिद्धिएपछि हामी पर्खिरहने कक्षमा आई बस्यौं । त्यहाँ रहेको डोलर पसलबाट हाम्रा साथीहरू मध्ये कसैले "फाइव फाइव" भन्ने चुरोट लिए भने कसैले "जानिवाकर" नामक बोतलहरू

Downloaded from http://dhamma.digital/

किने । मैले चाहिं एकबट्टा चियापत्ती किनें । अनि काठमाडौं-बाट प्लेन आएपछि हामी प्लेनमा गयौं र ठीक २।३० बजे प्लेन उड्यो । ५।३० बजे काठमाडौंको त्रिभुवन एयरपोर्टमा पुग्यौं । गर्मी देशबाट आएको हुँदा हामीलाई एयरपोर्टमा केही जाडो जस्तो लागेको थियो । कष्टममा ठीक २ घण्टा ढिलो भयो । ढिलाइको कारण क्यासेट सहितको रेडिओ थियो । अन्तमा भाउजू पूर्णमाया र दिदी चिनियादेवीका रेडिओहरू कष्टम आफिसमै छाडेर आउनु पर्‍यो । बाहिर निस्कँदा रातको ७।३० बजिसकेको थियो र बाहिर एउटा पनि ट्याक्सी थिएन । हुनत भाउजूका छोरी र जुवाइँले वहांलाई लिन आएका थिए । तर त्यसमा हामी सबै न अटाउने भएको हुँदा "ट्याक्सी पठाइदिनेछु" भनी वहांहरू जाँदा बाटमा खाली ट्याक्सी भेटी वहांहरू फेरि ट्याक्सी लिएर आउनु भयो र हामी त्यसमा बसी आयौं । बाटामा हामी पाल्पाका तीनजना डिल्लीबजारको मैतीदेवीमा ओर्ल्यौं अरू दुइजना आनन्दकुटी लागेर गए । राती भाउजूको घरमा दुइचारजना वहाँका साथीहरूसँग लंका यात्राको बारेमा केही सुखद गफ-सफ भयो र अबेर गरी रातको खाना खाई विश्राम गर्‍यौं ।

## बैशाख ४ गते आइतवार

आज बिहान जलपानपछि दिदी र भाउजूहरू कुनै एक साथीसँग त्रिभुवन एयरपोर्टबाट हिजो राखेर आएको रेडिओ ल्याउन बिहान ६ बजे नै त्यहाँ जानुभयो । हिजो भन्सार तिर्न

Downloaded from http://dhamma.digital/

पैसा नपुगेकोले रेडिओ उहीं छाडेर आउनु परेको हो । ६ बजे गएका भाउजूहरू दिउसो १।३० बजे बल्ल घरमा आइपुग्नु-भयो । भन्सारमा भएको हालखबर सुन्दा भाउजूको रेडिओको बाह्रशय भन्दा बढी र दिदीको रेडिओको चाहिं अट्ठारशय भन्दा बढी भन्सार तिर्नु परेको रहेछ । वहाँहरू आइसक्नु भएपछि दिवाभोजन गरी केही छिन पछि हामीहरू आनन्द-कुटीका भिक्षुज्यूहरू भेट्न गयौं । त्यहाँ सबै भिक्षुज्यूहरूसँग भेटघाट गरी अरू पनि दुइचार ठाउँका इष्टमित्रहरूसँग भेटी घरमा आइपुग्दा साँझ परिसकेको थियो ।

## वैशाख ५ गते सोमबार

आज बिहानको खाना खाइसकेपछि हामी सबै अना-गारिकाहरू बस्ने धर्मकीर्ति विहारमा गयौं । तर त्यहाँ ठूली गुरू आमाहरू कोही पनि थिएनन् । पछि स्यानी स्यानी गुरूआमाहरू आएपछि वहाँहरूसँग भेटघाट गरी हामी त्यहाँबाट निस्क्यौं र अन्त दुइतीन ठाउँमा गयौं । अनि घरमा आइपुग्दा साँझ परिसकेको थियो । भोलि पाल्पा फर्कनको निमित्त बसको टिकट पनि ल्यायौं ।

## वैशाख ६ गते मंगलबार

आज बिहान ७ बजेको बसबाट पाल्पा तान्सेन फर्कने भएको हुनाले हामी समयमै उठी बस बिसौनीमा गई ७ बजेको बसमा वसेर गयौं । ११।३० बजे नारायण घाटमा

Downloaded from http://dhamma.digital/

पुगेपछि त्यहाँ दिवाभोजन गर्‍यौं र ३ बजे बुटवल खस्यौलीमा आइपुग्यौं । त्यहाँबाट पाल्पा तान्सेन जाने बसमा धेरै बेर सम्म कुर्नु परेको हुनाले तान्सेनमा रातको ७ बजे पुग्यौं । त्यहाँ आ-आफ्ना घरका जहानहरू बस बिसौनीमा हामीलाई लिन आएको देखेर हामी आश्चर्य चकित भएका थियौं । किनभने हामीले कसैलाई कुनै खबर दिएका थिएनौं । पछि थाहापायौं कि त्यसैदिन विहान आनन्दकुटी विहारमा ट्रंककल गरी हामी श्रीलंका जानेहरूको सम्बन्धमा के खबर छ भनी सोधपुछ भएको रहेछ र आनन्दकुटी विहारबाट हामीहरू आजै बिहान पाल्पाको लागि बसबाट गइसकेका छन् भन्ने खबर दिएको रहेछ ।

यो हाम्रो श्रीलंका यात्राको लागि श्रद्धेय मैत्री भिक्षुज्यूद्वारा करुणापूर्वक जे जति दु:ख कष्ट उठाउनु भयो त्यसको लागि हामी वहाँ प्रति धेरै धेरै आभारी छौं । श्री लंकामा ठाउँ ठाउँका ऐतिहासिक सिद्धस्थान, विहार र मन्दिरहरूमा पूजापाठ गरेबाट यदि कुनै कुशल लाभ भएको छ भने ती जम्मै हामीले श्रद्धेय मैत्रीज्यूमा आदरपूर्बक समर्पित गरेका छौं । यस पुण्यको प्रभावद्वारा वहांको सुस्वास्थ्य र दीर्घायुको पनि कामना गर्दछौं । त्यस्तैगरी हामीलाई श्रीलंका बसुञ्जेलसम्म बास दिनु भएका श्री रंजित श्रीनिश्शंक महाशय प्रति पनि कृतज्ञता ज्ञापन गरो पुण्यानुमोदन गर्दछौं ।

लंका यात्राबाट फर्के भन्दै नाताकुटुम्ब तथा साथी-हरूले मसँग यात्रा कस्तो लाग्यो कुन ठाउँ राम्रो लाग्यो भनी

Downloaded from http://dhamma.digital/

सोधेकोमा म एउटै कुरा भन्न चाहन्छु । जस्तै रसभरी हातमा लिई जतातिरबाट चाटेता पनि गुलियो स्वाद आउने हो त्यस्तै हाम्रो यात्रा थियो ।

भवतु सब्ब मङ्गलं ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/